नेपाल सरकार
# कृषि, वन तथा पर्यावरण मन्त्रालय

पो.ब.नं. : ३९८७
सिंहदरबार, काठमाडौं


पत्र संख्या : ०८३।८४
चलानी नं. : ६२

मिति : २०८३/०६/०६
ने.स ११४६ जंलाथ्व एकादशी

विषय : राय/सुझाव उपलब्ध गराइदिने सम्बन्धमा।

श्री सरोकारवाला सबै ।

प्रस्तुत विषयमा कृषि, वन तथा पर्यावरण मन्त्रालयले सङ्घ, प्रदेश तथा स्थानीय तहका जलवायु सरोकारवालाहरूको सहभागितामा "राष्ट्रिय जलवायु परिवर्तन नीति, २०८३" को मस्यौदा नेपाल सरकारको नीति तर्जुमा ढाँचाअनुसार तयार गरेको छ। उक्त मस्यौदामाथि आवश्यक राय/सुझाव उपलब्ध गराउने सम्बन्धमा कृषि, वन तथा पर्यावरण मन्त्रालय (सचिवस्तर) मिति २०८३/०६/०५ गतेको निर्णयानुसार कुनै राय सुझाव भए १० (दश) दिन भित्र तपसिलको ढाँचामा यस मन्त्रालयको इमेल ठेगाना nccp2083@gmail.com मा उपलब्ध गराई दिनु हुन निर्णयानुसार अनुरोध छ।

तपसील

| सि.नं. | सुझाव दिइएको नीति, रणनीति तथा कार्यनीति वा अन्य (नं. सहित) | सुझावहरु | कैफियत |
|---|---|---|---|
| १ | | | |
| २ | | | |

डा. प्रकाश सिंह थापा
उपसचिव

# राष्ट्रिय जलवायु परिवर्तन नीति, २०८३

## विषयसुची


परिच्छेद १ः परिचय ..... ३

१.१ पृष्ठभूमि ..... ३

१.२ समस्या तथा चुनौती ..... ४

१.३. नीतिको आवश्यकता ..... ५

परिच्छेद २ः नीति संरचना ..... ६

२.१ दूरदृष्टि (Vision) ..... ६

२.२ ध्येय (Mission) ..... ६

२.३ लक्ष्य (Goal) ..... ६

२.४ उद्देश्य (Objectives) ..... ६

२.५ नीतिहरू ..... ७

२.५.१ जलवायु उत्थानशील खाद्य तथा पोषण सुरक्षा ..... ७

२.५.२ जल सुरक्षा ..... ११

२.५.३ वन, कार्बन, पारिस्थितिकीय सेवासुबिधा तथा हरित जीविकोपार्जन ..... १३

२.५.४ जलवायु उत्थानशील पूर्वाधार, जलवायु–मैत्री गाउँ तथा शहर ..... १६

२.५.५ स्वच्छ ऊर्जा, कार्बन न्यून औद्योगिक क्षेत्र, पूर्वाधार तथा यातायात ..... १८

२.५.६ जलवायु तथा विपद् जोखिम, बसाइँसराइ र विस्थापनको समुचित व्यवस्थापन ..... २१

२.५.७ जलवायु उत्थानशील स्वास्थ्य प्रणाली तथा स्वास्थ्य–समृद्धि ..... २४

२.५.८ जलवायु उत्थानशील हिमाली पारिस्थितिकीय प्रणाली तथा दिगो पर्यटन ..... २६

२.५.९ जलवायु वित्तको परिचालन तथा स्थानीयकरणः कार्बनको बजारीकरण सार्वजनिक–निजी लगानीमार्फत स्थानीय जलवायु कार्य प्रवर्द्धन । ..... २९

२.५.१० जलवायु तथ्याङ्क तथा सूचना प्रणाली ..... ३१

२.५.११ अनुसन्धान, प्रविधि तथा नवप्रवर्तनमार्फत जलवायु समाधानको प्रवर्द्धन ..... ३३

२.५.१२ जलवायु न्याय सहितको युवा नेतृत्व तथा समावेशी रूपान्तरण ..... ३५

२.५.१३ शिक्षा, जनचेतना, सीप विकास तथा सिकाइमार्फत जलवायु सशक्तीकरण ..... ३६

२.५.१४ जलवायु कूटनीति तथा नेतृत्व ..... ३८

२.५.१५ जलवायु सुशासन ..... ३९

परिच्छेद ३ः नीति कार्यान्वयन ..... ४२


मस्यौदा

३.१. संस्थागत व्यवस्था ......................................................................................................... ४२

३.१.१ संघीय सरकारको भूमिका ......................................................................................... ४२

३.१.२ प्रदेश सरकारको भूमिका .......................................................................................... ४३

३.१.३ स्थानीय सरकारको भूमिका ....................................................................................... ४४

३.१.४ नागरिक समाज, निजी क्षेत्र तथा सरोकारवालाहरूको भूमिका ............................................ ४५

३.२. कानुनी व्यवस्था ............................................................................................................ ४६

३.३. वित्तीय व्यवस्था ............................................................................................................ ४६

३.४. नीति समन्वय र सामञ्जस्यता ............................................................................................ ४६

३.५. जोखिम तथा जोखिम न्यूनीकरण ....................................................................................... ४७

३.५.१ सम्भावित जोखिमहरू ............................................................................................... ४७

३.५.२ जोखिम न्यूनीकरणका उपायहरू .................................................................................. ४७

३.६. अनुगमन, मूल्याङ्कन तथा पुरावलोकन ................................................................................. ४८

३.७ नीति कार्यान्वयन कार्ययोजना ........................................................................................... ४८

३.८ खारेजी र बचाउ .............................................................................................................. ४८

अनुसुचि १ ........................................................................................................................ ४९

मस्यौदा

# परिच्छेद १: परिचय

## १.१ पृष्ठभूमि

विश्वव्यापी हरितगृह ग्याँस उत्सर्जनमा नेपालको योगदान करिब ०.१ प्रतिशत मात्र भए पनि जलवायु परिवर्तनका असर तथा जोखिमको दृष्टिकोणले नेपाल विश्वका सबैभन्दा जोखिम र संकटासन्न मुलुकहरूमध्ये एक हो। नेपालको जलवायु जोखिम र संकटासन्नता मूलतः भौगोलिक बनावट, हिमाली पारिस्थितिकीय प्रणाली, मनसुनमा आधारित तथा परिवर्तनशील जलचक्र, तीव्र तथा अव्यवस्थित शहरीकरण तथा वसाईंसराईं जस्ता अन्तर सम्बन्धित कारणहरूबाट उत्पन्न भएका छन्। यसका साथै, गरिबीको विद्यमान अवस्था, सामाजिक तथा आर्थिक संस्थागत चुनौतीहरू, अव्यवस्थित पूर्वाधार विकास, पर्याप्त वित्तको अभाव, कानुनी र नीतिगत व्यवस्थाहरूको कमजोर कार्यान्वयन तथा तीन तहका सरकारवीच उचित समन्वय र सहकार्य नहुनुका कारण नेपालको जलवायु जोखिम तथा संवेदनशीलता थप बढेको छ।

जलवायु परिवर्तनका कारण नेपालमा पनि तापक्रममा निरन्तर वृद्धि भइरहेको, वर्षाको ढाँचा परिवर्तन तथा अनिश्चितता वढिरहेको, मौसमी तथा जलवायुजन्य चरम घटना मा वृद्धि र विपद्को आवृत्ति, तीव्रता र प्रभाव वढिरहँदा एकातिर जलस्रोत, कृषि, ऊर्जा तथा पारिस्थितिकीय प्रणालीमा श्रृंखलाबद्ध प्रतिकूल असरहरू सिर्जना गरिरहेको छ भने अर्कोतिर विपद्का कारण मानवीय क्षति, घाइते, विस्थापन, पूर्वाधार, ग्रामीण जीविकोपार्जन र राष्ट्रिय अर्थतन्त्रमा जोखिम तथा जीविकोपार्जनमा हुने क्षति निरन्तर बढिरहेको छ, जसबाट आर्थिक तथा गैर-आर्थिक दुवै प्रकारका हानि तथा नोक्सानी तिब्र रूपमा भइरहेका छन्।

जलवायु परिवर्तनको सामाजिक प्रभाव पनि उत्तिकै संवेदनशील,असमान र जटिल छ। खासगरि मुख्यत: जेष्ठ नागरिक, युवा, महिला, बालबालिका, आदिवासी जनजाति, दलित, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदाय, गरिब घरपरिवार, सीमान्तकृत तथा भौगोलिक रूपमा दुर्गम क्षेत्रमा बसोबास गर्ने समुदायहरू वदलिंदो जलवायुका असर र विद्यमान सामाजिक, आर्थिक तथा संस्थागत असमानताका कारण अझ बढी जोखिममा छन्।

जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय प्रारुप महासन्धी (UNFCCC) मा सन् १९९४ मा पक्ष राष्ट्र बनेदेखि नेपाल विश्वव्यापी जलवायु परिवर्तनसम्बन्धी प्रक्रियामा सक्रिय रूपमा सहभागी हुँदै आएको छ। त्यसपछि नेपालले सन् २००५ मा क्योटो प्रोटोकल तथा सन् २०१६ मा पेरिस सम्झौताको अनुमोदन गरी जलवायु परिवर्तनका चुनौतीहरूको सामना गर्न अन्तर्राष्ट्रिय सहकार्यमा आफ्नो प्रतिबद्धता पुनः पुष्टि गरेको छ। हिमाली तथा जलवायु परिवर्तनबाट अत्यधिक प्रभावित अल्प विकसित मुलुक (LDC) का रूपमा नेपालले अन्तर्राष्ट्रिय जलवायु वार्तामा जलवायु न्याय, अनुकूलनका लागि पर्याप्त सहयोग तथा हानि तथा नोक्सानी (Loss and Damage) को मान्यताका पक्षमा निरन्तर वकालत गर्दै आएको छ।नेपालले संयुक्त राष्ट्रसंघीय जलवायु परिवर्तनसम्बन्धी

मस्यौदा

महासन्धि तथा पेरिस सम्झौता अन्तर्गतका प्रतिवेदन तथा पारदर्शितासम्बन्धी दायित्वहरू पूरा गर्न उल्लेखनीय प्रगति हासिल गरेको छ।

नेपालको संविधानको मर्मअनुसार जलवायु परिवर्तनका प्राथमिकताहरूलाई राष्ट्रिय तथा प्रादेशिक एवं स्थानीय विकास योजनामा क्रमशः समावेश गरिएको छ। जलवायु परिवर्तनसम्बन्धी समन्वय तथा कार्यान्वयनलाई सुदृढ बनाउन संस्थागत संरचनाहरू पनि क्रमशः विकास गरिएका छन्। राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६ को कार्यान्वयनपछि नेपालले जलवायु उत्थानशील विकास, न्यून-कार्बन अर्थतन्त्रको प्रवर्द्धन, स्थानीय नेतृत्वमा आधारित अनुकूलन तथा दिगो प्राकृतिक स्रोत व्यवस्थापनका क्षेत्रमा उल्लेखनीय प्रगति हासिल गरेको छ। यद्यपि जलवायु परिवर्तनको बढ्दो संकटका कारण सोचे अनुरुप जलवायु परिवर्तन नीतिले राखेका लक्ष्य प्राप्त गर्न सकिएको छैन ।

## १.२ समस्या तथा चुनौती

राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६ कार्यान्वयनमा आएपछि विभिन्न क्षेत्रमा महत्वपूर्ण प्रगति भए तापनि यसले जलवायु परिवर्तनको प्रभावकारी तथा समन्वित व्यवस्थापनका लागि अपेक्षित रूपमा संस्थागत गर्न सकेको छैन। जलवायुजन्य जोखिमको स्वभाव र प्रभावमा निरन्तर परिवर्तन भइरहँदा मानवीय, भौतिक, सामाजिक, आर्थिक, सांस्कृतिक तथा पर्यावरणीय हानि तथा नोक्सानी निरन्तर बढ्दो छ। तीव्र शहरीकरण, जनसांख्यिकीय परिवर्तन, बसाइँसराइ, जीविकोपार्जनका बदलिँदो स्वरूप तथा जलवायु-उत्थानशील पूर्वाधार, गुणस्तरीय सार्वजनिक सेवा र हरित आर्थिक अवसरप्रतिको जनअपेक्षा बढ्दै जाँदा यी चुनौतीहरू अझ जटिल बनेका छन्। यस्तो परिवर्तित सन्दर्भमा अझ समावेशी, दूरदर्शी तथा समयानुकूल नीतिगत व्यवस्था आवश्यक देखिएको छ।

संघीय शासन प्रणालीको मर्म अनुसार जलवायु परिवर्तनसम्बन्धी कार्यक्रमहरु कार्यान्वयन अपेक्षाअनुरूप प्रभावकारी हुन सकेका छैनन। विभिन्न निकायबीचको कार्यक्षेत्र स्पष्ट नहुनु, जिम्मेवारी दोहोरिनु तथा निर्णय प्रक्रिया अझै केन्द्रीकृत रहनु प्रमुख चुनौतीका रूपमा रहेका छन्। प्रदेश तथा स्थानीय सरकारहरू पर्याप्त प्राविधिक जनशक्ति, वित्तीय स्रोत, संस्थागत क्षमता तथा प्रभावकारी समन्वय संयन्त्रको अभावका कारण कार्यान्वयनमा कठिनाइ भोगिरहेका छन्।

पर्याप्त, दिगो तथा समावेशी जलवायु वित्त परिचालन गर्नु पनि नेपालको प्रमुख चुनौतीको रूपमा रहेको छ। हालसम्म जलवायुसम्बन्धी अधिकांश कार्यक्रम तथा परियोजनाहरू अल्पकालीन बाह्य सहयोगमा निर्भर छन्। प्रदेश र स्थानीय तहको समेत जलवायु वित्तमा पहुँच, परिचालन तथा व्यवस्थापनका सम्वन्धमा स्पष्ट नीतिगत मार्गदर्शन अझै अपर्याप्त छ। जलवायु जोखिमसम्बन्धी सीमित जानकारी, वित्तीय प्रोत्साहनको अभाव तथा जलवायु लगानी पहिचान र मूल्याङ्कनका लागि स्पष्ट मापदण्ड नहुँदा निजी क्षेत्रको लगानी पनि अपेक्षाअनुरूप आकर्षित हुन सकेको छैन। साथै, आगामी दिनमा जनधन र लगानीको सुरक्षा, स्थानीय नेतृत्वमा आधारित अनुकूलन, सामुदायिक

संस्थाको सुदृढीकरण, परम्परागत तथा स्थानीय ज्ञानको संरक्षण तथा नागरिकहरूको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्दै जलवायु उत्थानशील समाज निर्माण गर्नु अत्यावश्यक हुनेछ।

## १.३. नीतिको आवश्यकता

नेपाल सरकारले राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६ मा प्रत्येक पाँच वर्षमा पुनरावलोकन गर्ने व्यवस्था अनुरूप यस नीतिको परिमार्जन प्रक्रिया अघि बढाएको हो। संघीयताको प्रभावकारी कार्यान्वयनको सन्दर्भमा तीनै तहका सरकारहरुको भूमिका र जिम्मेवारी स्पष्ट पार्ने, अन्तरसरकारी समन्वयलाई सुदृढ गर्ने, तथ्य र प्रमाणमा आधारित निर्णय प्रक्रियालाई मजबुत बनाउने, जलवायुजन्य पूर्वसूचना तथा पूर्वचेतावनी प्रणालीलाई सुदृढ़ गर्ने, जलवायु वित्तको व्यवस्थापन र स्थानीयकरण गर्ने, तथा जलवायु परिवर्तनसम्बन्धी कार्यक्रमहरूको प्रभावकारिता, कार्यकुशलता र समावेशितामा उल्लेखनीय सुधार ल्याउन आवश्यक भएको छ।

साथै विश्वव्यापी रूपमा जलवायु परिवर्तनसम्बन्धी नयाँ प्रतिबद्धता तथा संरचनाहरू विकास भएका छन्। अनुकूलनसम्बन्धी विश्वव्यापी लक्ष्य (Global Goal on Adaptation), विश्वव्यापी प्रगति समीक्षा (Global Stocktake) का निष्कर्षहरू, न्यायिक संक्रमण (Just Transition), हानि तथा नोक्सानी कोष (Fund for Responding to Loss and Damage), जलवायु वित्तको परिवर्तनशील संरचना, जलवायु न्यायको मुद्दा (Climate Justice), अन्तरसम्वन्धित लैगिंक असमानता (Intersectional inequity in GEDSI), कार्वन व्यापार तथा हिमाली क्षेत्रका मुद्दाप्रति बढ्दो राष्ट्रिय र अन्तर्राष्ट्रिय चासोले जलवायु नीतिलाइ समयसापेक्ष तथा रूपान्तरणकारी (Transformative) वनाउन आवश्यक देखिन्छ।

मस्यौदा

# परिच्छेद २: नीति संरचना

## २.१ दूरदृष्टि (Vision)

सुरक्षित, समावेशी, समुन्नत तथा जलवायु उत्थानशील नेपाल।

## २.२ ध्येय (Mission)

जलवायु उत्थानशील र सुरक्षित समुदाय, स्वस्थ पारिस्थितिकीय प्रणाली तथा न्यून कार्बन आर्थिक विकास र सुशासनसहितको हरित, समावेशी र समुन्नत नेपाल।

## २.३ लक्ष्य (Goal)

आगामी एक दशकभित्र जलवायु परिवर्तनका विषयलाई विकासका सबै क्षेत्रमा मूलप्रवाहीकरण गर्दै जलवायु वित्त, सूचना, प्रविधि र क्षमता अभिवृद्धिमा तीनै तहका सरकार र नागरिकहरूको पहुँच विस्तार गरी नेपालको जलवायु उत्थानशीलता सुदृढ गर्नु, नागरिकको जिउधनको सुरक्षा प्रत्याभूति गर्नु र समावेशी, न्यून कार्बन तथा हरित आर्थिक विकासलाई तीव्रता दिनु रहेको छ।

## २.४ उद्देश्य (Objectives)

२.४.१. संघ, प्रदेश र स्थानीय तहबीच स्पष्ट भूमिका, अधिकार, जिम्मेवारी, पर्याप्त मानव स्रोत, सुदृढ संस्थागत व्यवस्था तथा निजी क्षेत्र र नागरिक समाज समेतको प्रभावकारी समन्वय संयन्त्रसहित जलवायु परिवर्तनसम्बन्धी नीतिहरूको प्रभावकारी कार्यान्वयन गर्ने।

२.४.२. जलवायु उत्थानशील जीविकोपार्जन, खाद्य तथा जल सुरक्षा, स्वास्थ्य सुरक्षा र पारिस्थितिकीय प्रणालीको संरक्षण तथा सेवा सुविधा सुदृढ गर्ने।

२.४.३. उद्योग, कलकारखाना, पूर्वाधार, सडक तथा यातायात क्षेत्रमा स्वच्छ ऊर्जा प्रवर्द्धन, उत्सर्जन न्यूनीकरण तथा कार्बन सञ्चय (Carbon Sink and Storage) विस्तारमार्फत जलवायु परिवर्तन न्यूनीकरणलाई प्रवर्द्धन गर्ने।

२.४.४. जलवायु उत्थानशील पूर्वाधार तथा बस्ती विकास गर्न बहुजोखिम सूचना प्रणाली, प्रविधि र क्षमता विकासमार्फत सबै क्षेत्रका नीति, योजना तथा कार्यक्रमका सम्पूर्ण चरणमा जलवायु उत्थानशीलता र जोखिम न्यूनीकरणलाई मूलप्रवाहीकरण गर्ने।

२.४.५. जेष्ठ नागरिक, महिला, युवा, बालबालिका, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति, दलित, लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायको अर्थपूर्ण सहभागिता, पहुँच र नेतृत्व सुनिश्चित गर्दै समावेशी तथा न्यायपूर्ण रूपान्तरणलाई प्रवर्द्धन गर्ने।

मस्यौदा

२.४.६. बहूप्रकोप पूर्वसूचना प्रणाली, जोखिमसुचित भुउपयोग नक्सांकन, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन, र जलवायु अनुकूलित सामाजिक सुरक्षा प्रणाली तथा सीमापार सुचना आदानप्रदान मार्फत जलवायुजन्य हानि-नोक्सानी न्यूनीकरण गर्दै मानव तथा सामाजिक सुरक्षालाई सुदृढ गर्ने।

२.४.७. सार्वजनिक तथा निजी स्रोत, अन्तराष्ट्रिय कार्बन वित्त लगायतका विभिन्न माध्यमबाट जलवायु वित्तको पहुँच विस्तार तथा विविधीकरण गर्दै सबैभन्दा जोखिम तथा संकटांसन्नटा व्यक्ति, घरधुरी, समुदायसम्म वित्तीय स्रोतको स्थानीयकृत पहुँच र परिचालन सुनिश्चित गर्ने।

२.४.८. अनुसन्धान, तथ्य र प्रमाण, तथा डिजिटल प्रविधिमा आधारित जलवायु समाधानका लागि अनुसन्धान, नवप्रवर्तन, बहूविपद पूर्व सूचना प्रणाली, स्थानीय ज्ञान, तथा प्रविधि विकासलाई प्रवर्द्धन गर्ने।

२.४.९. समावेशी योजना तर्जुमा, परिणाममुखी अनुगमन, मापनयोग्य प्रभाव तथा बहुपक्षीय संवाद तथा सहकार्य संयन्त्रमार्फत जलवायु सुशासनलाई सुदृढ गर्ने।

२.४.१०. जलवायु सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि सम्मेलन, बैठक तथा मञ्चहरुमा नेपालको नेतृत्वदायी भूमिका स्थापना गर्ने, पर्वतीय राष्ट्रहरुको मुद्धा स्थापित गर्न तथा जलवायु न्यायका लागि पैरवी गर्न जलवायु कूटनीतिलाई थप सुदृढ गर्ने।

मस्यौदा

## २.५ नीतिहरू

यस नीतिको दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्यहरू हासिल गर्न निम्न विषयगत, क्षेत्रगत तथा अन्तरक्षेत्रीय नीतिहरू, रणनीतिहरू र कार्यनीतिहरू अवलम्बन गरिनेछ।

### २.५.१ जलवायु उत्थानशील खाद्य तथा पोषण सुरक्षा

नीति

कृषि जैविक विविधताको दिगो संरक्षण तथा व्यवस्थापन, बाँझो तथा खेर गएको कृषि जमीनको समुचित व्यवस्थापन, कृषि उत्पादन प्रणालीको विकास, तथा कृषिमा आधारित हरित रोजगारी र जीविकोपार्जन, कृषि उद्यम र बजार मूल्य शृङ्खलालाई सुदृढ गर्दै जलवायु उत्थानशील खाद्य तथा पोषण सुरक्षा सुनिश्चित गर्ने।

**रणनीति**

**रणनीति:१. कृषि जैविक विविधताको संरक्षण तथा व्यवस्थापनमार्फत स्थानीय वीउ, बिरुवा, पशु नस्ल तथा मत्स्य स्रोतहरुको संरक्षण र व्यवस्थापन गर्ने।**

**कार्यनीतिहरू:**

- स्थानीय प्रजाति तथा परम्परागत ज्ञानको अभिलेखीकरण, संरक्षण, तथा प्रवर्धन गर्ने, सामुदायिक जैविक विविधता रजिस्टर मार्फत किसानको बौद्धिक सम्पत्तिमा अधिकारको प्रत्याभूति गर्ने, विविधता वचाउन स्व-स्थानीय संरक्षण गर्ने ।
- प्रतिकूल वातावरणमा हुर्कन सक्ने स्थानीय बीउ, बिरुवा, पशु नस्ल तथा मत्स्य स्रोत संरक्षणको लागी सामुदायिक बीउ तथा आनुवंशिक बैंक स्थापना गर्न स्थानीय समुदाय र कृषक समूहलाई अनुदानमा आधारित वित्तीय स्रोत तथा प्राविधिक सहयोगको सुनिश्चितता गर्ने ।
- स्थानीय जातको आनुवंशिक गुण संरक्षण गर्न सहभागिता मूलक वाली छनौट, सहभागिता मूलक वाली प्रजनन , तथा घाँसका जातहरू तथा उत्थानशील पशु र मत्स्य नस्ल तथा जातको विकास र विस्तार गर्ने।
- जलवायु अनुकूलन मैत्री परागसेचक जीवहरूको बासस्थान संरक्षण गर्ने आवश्यक कार्यक्रम लागू गर्ने।
- उत्थानशील वाली, पशु र मत्स्य नस्ल तथा जातको विकास गर्न स्थानीय बीउ उत्पादक, वितरक तथा नर्सरीहरू तथा पशु स्रोत केन्द्रलाई प्रवर्द्धन गर्ने ।

**रणनीतिः २. माटो, पानी, र माटोको पोषक तत्त्वको संरक्षण र व्यवस्थापन गर्ने।**

**कार्यनीतिहरू:**

- रासायनिक मल तथा विषादीको विकल्पका रूपमा जैविक खेती तथा अन्य विकल्पहरूको विकास तथा प्रयोगलाई प्रवर्द्धन गर्ने।
- अन्तरबाली, कृषि-वन, बाली विविधीकरण, एकीकृत कीट व्यवस्थापन, असल कृषि अभ्यास तथा जैविक कृषिजस्ता जलवायुमैत्री प्रविधि र अभ्यासहरू प्रवर्द्धन गर्ने।
- जैविक कृषि तथा माटोको स्वास्थ्य सुधारका लागि कम्पोस्ट मल, **गँ**ड्यौला मल, जैविक मल, हरियो मलको प्रयोग विस्तार गर्ने, मलखाद व्यवस्थापन गर्ने ।
- गोठ सुधार, खोर सुधार, र मलखाद ब्यावस्थापन मार्फत पशुपंक्षीको मलमुत्र, गोबर, सूलीबाट पोषक तत्त्वको चुहावट व्यवस्था गर्ने ।
- पानीको समुचित उपयोग गर्न सिंचाइ प्रविधि विस्तार गर्ने,
- भिरालो जमीनमा संरक्षण कृषि खेती, घाँसेहार प्रविधि, कृषि वन प्रविधि लाई प्रवर्द्धन गर्ने ।

**रणनीति : ३. जलवायु उत्थानशील कृषि उत्पादन प्रणालीको विकास तथा प्रवर्द्धन गर्ने।**

**कार्यनीतिहरू:**

- कृषि भूमिको प्रभावकारी उपयोग गर्दै करेसाबारी तथा घरबगैंचाको विस्तार गर्ने, सहरी क्षेत्रमा कृषि बगैंचाको विस्तार गर्ने, तरकारी, फलफूल, मसला, अन्य खाद्य बाली, खानयोग्य जंगली प्रजाती विविधीकरण गर्ने।

- बाली चक्रको विविधीकरणमा आधारित संरक्षणमुखी कृषि प्रणाली प्रवर्द्धन गर्ने।
- जलवायु उत्थानशील कृषि भू-उपयोग योजना कार्यान्वयन गर्ने तथा उत्पादनशील कृषि भूमि संरक्षणका लागि प्रभावकारी नियमन तथा प्रोत्साहन व्यवस्था लागू गर्ने।
- जलवायु उत्थानशील मत्स्य प्रणाली विकास गर्न जलवायु मैत्री मत्स्यपालन प्रविधि प्रवर्द्धन गर्ने, धान-माछा तथा कृषि-मत्स्य एकीकृत प्रणाली विस्तार गर्ने ।
- भूमिहीन घरपरिवार तथा कृषि मजदुरका लागि वैकल्पिक आयआर्जनका अवसरहरू सिर्जना गर्दै हरित उद्यमहरूमा संलग्न गराउने र जीविकोपार्जन सुनिश्चित गर्न प्रोत्साहनमूलक योजनाहरू ल्याउने।

**रणनीतिः४. जलवायु उत्थानशील प्रविधिको विकास तथा प्रवर्द्धन गर्ने।**

**कार्यनीतिहरू:**

- बाँझो, हैसियत बिग्रेको तथा क्षतिग्रस्त जमिनको उपयोगका लागि महिला र युवापुस्ता मैत्री वैकल्पिक कृषि प्रणाली विकास गर्ने।
- पशु प्रजनन तथा आनुवंशिक सुधार, पशु आहारको गुणस्तर व्यवस्थापन, पशु आहारमा आवश्यक पूरक पदार्थको प्रयोग, दानाको प्रशोधन, पशु स्वास्थ्य अनुगमन तथा रोग रोकथाम, र पशुपालन उत्पादन प्रणालीको दक्षता अभिवृद्धि गर्ने।
- गुणस्तरीय गोठेमल उत्पादन र प्रयोगका लागि गाईवस्तु गोठहरू स्थापना/सुधार गरी पशु गोठ सुधार कार्यक्रम लागू गर्ने।
- नस्ल सुधार, स्थानीय नस्लको प्रवर्धन, तथा पानी तथा ऊर्जाको व्यवस्थापन मार्फत हरित पशुपालन व्यवसाय विस्तार गर्ने।
- बाली अवशेष (Crop residue) जलाउने अभ्यासलाई निरुत्साहित गर्दै माटोमा पुनः प्रयोग गर्ने तथा माटो परीक्षण र सन्तुलित पोषक तत्व व्यवस्थापन सम्बन्धी कृषक परामर्श सेवा विस्तार गर्ने।
- सुख्खा र पानी कम भएको स्थानमा तथा सिधै बीउ छर्ने जातका धानका प्रजाति छनोट गरी किसानलाइ उपलव्ध गराउने तथा आधुनिक सिँचाइ प्रणाली प्रवर्द्धन गर्ने।
- जलवायुमैत्री चरन तथा खर्क क्षेत्रको व्यवस्थापन एवं घुम्ती चरन प्रणाली कार्ययोजना तयार गरी लागू गर्ने।
- कृषि तथा सिँचाइ क्षेत्रमा ऊर्जा दक्षता अभिवृद्धि गर्न नबीकरणीय स्वच्छ (सौर्य) ऊर्जामा आधारित सिँचाइ प्रणाली विस्तार गर्ने।

**रणनीतिः ५ स्थानीय स्तरको मौसम तथा जलवायु अनुगमन प्रणाली सुदृढ गर्दै वास्तविक समयमा आधारित (Real time) कृषि-मौसम परामर्श सेवा विस्तार गर्ने।**

**कार्यनीतिहरू:**

- कृषि प्राविधिक तथा अगुवा कृषकहरूको क्षमता अभिवृद्धि गर्ने, जलवायु पाठशाला (Climate Field School) विस्तार गर्ने ।

मस्यौदा

- स्थानीय परम्परागत ज्ञानमा आधारित जलवायु अनुकूलित ज्ञान, खाद्य संस्कृतिको अभिलेखीकरण गर्ने ।
- जलवायु मैत्री कृषि प्रविधि, नवपरर्वर्तन, तथा असल अभ्यासहरुलाई पहिचान, प्राथमिकीकरण, परिक्षण, विकास र विस्तारको लागि कार्ययोजना बनाई लागु गर्ने।
- जलवायु उत्थानशील कृषि तथा किसानमैत्री निर्णय प्रणालीलाई सहयोग पुऱ्याउन कृषि-मौसम पूर्वानुमान तथा परामर्श सेवाको विकास, विस्तार र आधुनिकीकरण गर्ने।
- जलवायु संवेदनशील रोग तथा कीराको निगरानी तथा पूर्वसूचना प्रणाली सुदृढ गर्दै एकीकृत रोग तथा कीरा व्यवस्थापन (IPM) लाई प्रवर्द्धन गर्ने।
- मौसम अनुसारको रोग तथा कीराको पात्रो विकास तथा विषादीको सुरक्षित प्रयोग, भण्डारण र व्यवस्थापनका मापदण्ड लागू गर्ने।
- पहाड़ी जिल्लाहरुमा सिचाईंको अनुगमन केंद्र तथा तराईका जिल्लाहरूमा कृषि क्षेत्रका लागि स्वचालित भूमिगत जल अनुगमन केन्द्रहरू स्थापना गर्ने।
- जलवायु-मैत्री कृषि, डिजिटल प्रविधि तथा वित्तीय व्यवस्थापनसम्बन्धी क्षमता अभिवृद्धी गर्ने।

**रणनीतिः ६. कृषि ज्ञान प्रविधि, कृषी तथा पशु बीमा, कृषि उद्यम, बजार मूल्य शृङ्खलामा महिला, युवा र संकटासन्न घरधुरीको पहुँच विस्तार गर्ने।**

**कार्यनीतिहरू:**

- जलवायुजन्य जोखिमबाट किसानहरूको खेतीप्रणाली र जीविकोपार्जन संरक्षणका लागि सूचकाङ्कमा आधारित समावेशी कृषि तथा पशु बीमा कार्यक्रमको दायरा विस्तार गरी थप सरलीकरण र विश्वसनीय वनाइ कृषकहरुलाइ प्रोत्साहित गर्ने ।
- सामाजिक तथा आर्थिक अवश्था कमजोर भएका किसान (महिला), पशुपालक तथा मत्स्यपालकहरूको श्रमभार तथा कठिनाइ न्यूनीकरण गर्न श्रममैत्री, ऊर्जा-दक्ष तथा जलवायु-मैत्री कृषि प्रविधि तथा अभ्यासहरूको विकास र विस्तार गर्ने।
- कृषि व्यवसायमा युवा तथा महिला लगायत अन्य सीमान्तकृत समुदायहरूको आकर्षण बढ़ाउन आर्थिक सम्भावना भएका बाली, तरकारी, फलफूल, जडीबूटी, पशुपालन तथा मत्स्य क्षेत्रमा आधारित जलवायु उत्थानशील कृषिउद्यम तथा वजारीकरणको प्रवर्धन गर्ने।
- कृषि उपजको संकलन, ग्रेडिङ (स्तरीकरण) तथा भण्डारण सुधार गरी संकलनपछिको क्षति न्यूनीकरण गर्न साना तथा मझौला कृषि उद्यमीहरुलाई स्थानविशेष प्राविधिक तथा व्यावसायिक सेवा उपलब्ध गराउने ।
- सहकारी, करार खेती तथा डिजिटल बजार प्रणालीमार्फत छिटो छरितो बजार पहुँच विस्तार गर्ने ।
- जलवायु जोखिममा रहेका साना तथा सीमान्तकृत किसानलाई प्राथमिकतामा राखी कृषक समूह तथा सहकारी सुदृढ गर्ने, तथा समावेशी, सहुलियतपूर्ण र जलवायु उत्थानशील वित्तीय सेवा तथा जोखिम हस्तान्तरणका संयन्त्रमा पहुँच विस्तार गर्ने।
- कृषि मजदुरहरूको काममा विपद्का कारण अवरोध हुँदा जीविकोपार्जनका वैकल्पिक उपायहरु सुनिश्चित गर्न प्रोत्साहनमूलक कार्यक्रमहरू ल्याउने।

## २.५.२ जल सुरक्षा

**नीति**

हिम क्षेत्र, हिमनदी, जलाधार, नदी वेसिन, खानेपानी, सिँचाइ, सिमसार क्षेत्र, भूमिगत पानी, ताल, तलैया, कुण्ड, पोखरी, मूल, मुहान, मुलाधार, कुवा र जलाशय जस्ता स्रोतहरूको संरक्षण, पुनर्स्थापना तथा दिगो उपयोग सुनिश्चित गर्ने।

**रणनीति तथा कार्यनीतिहरू**

**रणनीतिः ७. नदी प्रणाली, जलाधार तथा उप–जलाधार तहमा एकीकृत जलस्रोत व्यवस्थापन (Integrated Water Resources Management – IWRM) लागू गर्ने।**

**कार्यनीतिहरूः**

- नदी संरक्षण र एकीकृत व्यवस्थापनको लागी नदी प्रणालीमा आधारित संस्थागत संरचना विकास गरी लागू गर्ने।
- जलजन्य संकट लाई सम्बोधन गर्दै नदी, जलाधार क्षेत्र, सिमसार तथा पुनर्भरण (Recharge) क्षेत्रहरूको संरक्षण र पुनर्स्थापना गर्ने तथा तिनलाई जलवायु अनुकूलनका महत्वपूर्ण पूर्वाधारका रूपमा विकास गर्ने।
- प्राकृतिक जल सञ्चय क्षमता वृद्धि तथा बाढी पहिरो नियन्त्रण लगायत जलवायु अनुकूलनलाई सुदृढ बनाउन सिमसार तथा अन्य जलीय पारिस्थितिक प्रणालीहरूको संरक्षण, पुनर्स्थापना तथा दिगो उपयोग प्रवर्द्धन गर्ने।
- जलाधार तथा उप–जलाधार तहमा जलवायु उत्थानशील एकीकृत जलस्रोत व्यवस्थापन कार्ययोजना वनाई कार्यान्वयन गर्ने।

**रणनीतिः ८ पानीका मूल, मुहान, मुलाधार तथा जलपुनर्भरण क्षेत्रहरूको संरक्षण, विस्तार तथा दिगो व्यवस्थापन गर्ने।**

**कार्यनीतिहरूः**

- मुहान क्षेत्रको पुनर्भरण तथा पुनर्जीवनको लागी पानीको भूमिगत प्रवेश (infiltration) बढाउन समोच्च रेखा खाल्डा (कन्टुर ट्रेन्च), चेकड्याम, वृक्षारोपण तथा वन संरक्षणजस्ता वायो इन्जिनियरिङ्ग उपायहरू अपनाई पुनर्भरण क्षेत्रहरूको संरक्षण, पुनर्भरण तथा पुनर्जीवित गर्ने।
- घरधुरी केन्द्रित पानीको अभाव घटाउने तथा खडेरी र बदलिँदो वर्षा प्रणालीसँग जुध्न अकाशे पानी संकलन, पानी घैटो, पानीको बहुउपयोग प्रविधि, कृषि पोखरी, जुठेल्ना र अन्य प्रयोगबाट खेर गएको पानी संकलन र पानी सोस्ने पोखरी निर्माण गर्ने।

मस्यौदा

- शहरी क्षेत्रमा भूमिगत जलस्रोत तथा परम्परागत खानेपानीका स्रोतहरू ढुगेंधारा लगायतको संरक्षण, दिगो उपयोग व्यवश्थापनका कार्यक्रमहरु लागु गर्ने।
- जलवायुसम्बन्धी सूचनामा आधारित विकास पूर्वाधार र जल पुनर्भरण का लागि जलवायु–मैत्री मापदण्ड, डिजाइन तथा निर्देशिका विकास र पूर्वाधारको मर्मत संभार संबन्धी व्यवस्था गर्ने।
- पारिस्थितिकीय प्रणाली सेवाका लागि भुक्तानी (Payment for Ecosystem Services–PES) तथा अन्य प्रोत्साहनका संयन्त्रहरू लागू गरी जलस्रोतको समतामूलक व्यवस्थापन सुनिश्चित गर्ने र वन तथा जलस्रोत संरक्षणमा योगदान पुऱ्याउने समुदायलाई उचित रूपमा प्रोत्साहन गर्ने।

**रणनीतिः ९ खेतीपाती तथा घरायसी प्रयोजनमा महिला र संकटासन्न समुदायले भोग्ने पिउने पानीसम्बन्धी श्रमभार तथा लैङ्गिक असमानतालाई सम्बोधन गर्ने।**

**कार्यनीतिहरूः**

- न्यायोचित जलस्रोत बाँडफाँटसम्बन्धी निर्णय प्रक्रियामा महिला, आदिवासी जनजाति, स्थानीय समुदाय तथा सीमान्तकृत समूहहरूको अर्थपूर्ण सहभागिता र समान पहुँच सुनिश्चित गर्ने।
- खेतीपाती तथा घरायसी प्रयोजनमा महिला र संकटासन्न समुदायले भोग्ने पानीसम्बन्धी श्रमभार तथा लैङ्गिक असमानतालाई सम्बोधन गर्न सर्वसूलभ, गुणस्तरीय, भरपर्दो र लैङ्गिक मैत्री खानेपानी र सिचाईको पहुँच र स्वच्छ ऊर्जा प्रविधि प्रत्याभूति गर्ने।
- पानीको अभावका कारण हुने बसाइँसराइ तथा विस्थापनलाई पानीको पहुँच, लक्षित सेवा, पूर्वाधार तथा सामाजिक सुरक्षा कार्यक्रममार्फत सम्बोधन गर्ने।
- जल संकटका कारण हूने समाजिक असमझदारी, जवरजस्त वसाईसराई, र द्वन्द ब्यवस्थापनको लागी स्थानीय तहमा संयन्त्र विकास गरी कार्यान्वयन गर्ने।

**रणनीतिः १०. जलस्रोतको बहुउपयोग, समावेशी खानेपानी, सरसफाइ तथा स्वच्छता (WASH) सेवा, तथा जलविद्युत् क्षेत्रको उत्थानशीलता अभिवृद्धि गर्ने।**

**कार्यनीतिहरूः**

- फोहोर पानी प्रशोधन पूर्वाधार विस्तार गर्ने तथा प्रशोधित पानीलाई कृषि, सांस्कृतिक महत्त्वमा उपयोग, पर्यटन, हरियाली व्यवस्थापन, भू–जल पुनर्भरण तथा उपयुक्त औद्योगिक प्रयोजनका लागि सुरक्षित पुनःप्रयोग प्रवर्द्धन गर्ने।
- उद्योग, व्यापार तथा पर्यटन क्षेत्रमा पानीको उपयोग दिगो बनाउन जल संरक्षण, पानी पुनर्चक्रण तथा पुनःप्रयोग प्रणाली, जलचक्र व्यवस्थापन जल उपयोग अभ्यास प्रवर्द्धन गर्ने।
- नवीन प्रविधिको अवलम्बन तथा बहुपक्षीय सहकार्य विस्तारमार्फत जलवायु-उत्थानशील तथा समावेशी खानेपानी, सरसफाइ तथा स्वच्छता (WASH) सेवा र पूर्वाधार विकास गर्ने।

- जोखिम व्यवस्थापनमार्फत जलविद्युत् उत्पादन, ऊर्जा उत्पादनको क्षमता कायम राख्ने र पूर्वाधारको सुरक्षा सुनिश्चित गर्न जोखिम न्यूनीकरण योजना र उचित प्रविधि र प्रक्रिया अवलम्बन गर्न कार्यविधि बनाई लागू गर्ने।
- विपद्, हानि तथा नोक्सानीको लागि उचित बीमा र पूर्वतयारीका कार्यक्रम तयार गरी संवेदनशील क्षेत्रमा लागू गर्ने ।

## २.५.३ वन, कार्बन, पारिस्थितिकीय सेवासुबिधा तथा हरित जीविकोपार्जन

**नीति**

वन तथा वन पारिस्थितिकीय प्रणालीको कार्बन सञ्चिति तथा कार्बन वित्तका अवसरको सदुपयोग गर्दै जैविक विविधता संरक्षण, वन विनाश तथा क्षयीकरण भएका क्षेत्र, जलाधार र भू—परिधिको पुनर्स्थापना तथा दिगो व्यवस्थापन गर्ने र वनमा आश्रित समुदायका लागि समावेशी, जलवायु उत्थानशील हरित रोजगारी तथा जीविकोपार्जनका अवसर प्रवर्द्धन गर्ने।

**रणनीति तथा कार्यनीतिहरू**

**रणनीति ११ः वन, संरक्षित क्षेत्र, सिमसार, चरन क्षेत्र तथा एकीकृत जलाधारको दिगो व्यवस्थापनमार्फत हरितगृह ग्यास उत्सर्जन न्यूनीकरण, तथा कार्बन सञ्चिति वृद्धि गर्ने।**

**कार्यनीतिहरू**

- कार्बन संचिती बढ़ाउन वन विकास कोष (Forest Development Fund) र दिगो वन विकाशलाई प्रभावकारी रूपमा सञ्चालन गरी वृक्षारोपण तथा वन पुनर्स्थापनाका कार्यक्रम विस्तार गर्ने।
- राष्ट्रिय औसत वन मौज्दात (Growing Stock) वृद्धि गर्ने तथा चुरे क्षेत्रसहित क्षयीकरण भएका वन क्षेत्रमा दिगो वन व्यवस्थापन विस्तार गरी भू-उपयोग क्षेत्रको कार्बन सञ्चय क्षमता अभिवृद्धि गर्ने।
- वनजन्य उत्पादनको दिगो उपयोगका लागि खेर र कुहीएर जाने वन पैदावारको उचित व्यवस्थापन, आधुनिक रुख कटान प्रविधि तथा काठ प्रशोधन प्रविधिको विकास र प्रयोगलाई प्रवर्द्धन गर्ने, प्लाइवुड, पार्टिकल बोर्डलगायत आधुनिक काष्ठजन्य उत्पादनको विकास तथा सञ्चिति मार्फत वनजन्य उत्पादनमा हुने कार्बन उत्सर्जन न्यूनीकरण गर्ने।
- पारिस्थितिकीय सेवा भुक्तानी (Payment for Ecosystem Services), वन विनाश तथा वन क्षयीकरणबाट हुने उत्सर्जन न्यूनीकरण (रेड प्लस REDD+), कार्बन व्यापार लगायतका नवप्रवर्तनशील पारिस्थितिकीय वित्तीय संयन्त्रहरूको परीक्षण, विस्तार तथा

मस्यौदा

संस्थागत विकास गर्दै दिगो वन व्यवश्थापन तथा एकीकृत जलाधार व्यवस्थापनलाई प्रोत्साहन गर्ने।

- वनमा सञ्चित कार्बन तथा कार्बन सञ्चितिकरण क्षमताको उपयोग गरी हरित आर्थिक विकासका लगानीलाई प्रवर्द्धन गर्ने।
- वनमा आधारित कार्बन व्यापारका लागि कानुनी तथा बजार प्रणाली सुदृढ गर्ने तथा Debt-for-Nature Swap, वनस्पति तथा वन्यजन्तु संरक्षण बोन्ड जस्ता नवीन वित्तीय उपकरण विकास गरी प्रमाणित उत्सर्जन न्यूनीकरण, कार्बन सञ्चितिकरण तथा सामुदायिक संरक्षण प्रयासलाई प्रोत्साहन गर्ने।
- कार्बन बजारको दायरा विस्तार गर्ने तथा कार्वन व्यवस्थापन तथा रेड फरेष्ट्री केन्द्र र वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र (FRTC) को संस्थागत तथा प्राविधिक क्षमता अभिवृद्धि गर्ने।
- जैविक इन्धन (बायोफ्युल) को प्रयोगलाई निरुत्साहित गर्न वनमा निर्भर गरिब, महिला तथा सीमान्तकृत समुदायको नवीकरणीय ऊर्जा तथा ऊर्जा बचत गर्ने प्रविधिहरूमा पहुँच बढाउन आवश्यक संयन्त्रको विकास तथा कार्यान्वयन गर्ने।

**रणनीति १२ः चूरे, जलाधार, र भू-परिधि (Landscape) को दिगो संरक्षण र व्यवस्थापन गर्ने।**

**कार्यनीतिहरू:**

- चुरे लगायतका संवेदनशील पारिस्थितिकीय प्रणाली, क्षतिग्रस्त सिमसार र जलाधारहरूको संरक्षण तथा व्यवस्थापनका लागि लगानी गर्ने तथा हैसियत विग्रेका र क्षयीकरण भएका जमिनमा जलवायु उत्थानशील, नदी संरक्षण व्यवस्थापन प्रणाली र प्रकृतिमा आधारित समाधान (Nature-based Solutions) को लागी उपजलाधार एकीकृत योजना तयार गरी कार्यान्वयन गर्ने।
- दुर्लभ तथा लोपोन्मुख वनस्पति तथा वन्यजन्तुका प्रजाति र तिनका महत्वपूर्ण बासस्थानको पहिचान, स्थानीय तथा परस्थानीय संरक्षण तथा पुनर्स्थापना गर्दै जैविक विविधताको स्थानीय तथा परस्थानीय केन्द्र तथा पारिस्थितिकीय मार्ग (Ecological Corridors) सुदृढ गर्ने।
- क्षतिग्रस्त भूमि उत्थान तथा नदी उकास क्षेत्र व्यवस्थापनको लागी स्थानीय स्तरमा कार्ययोजना निर्माण गरी कार्यान्वयन गर्ने।
- जलवायु परिवर्तन र जैविक विविधता स्रोतको बीमाका लागि स्व-स्थानीय र पर-स्थानीय उद्यान, चिडियाखाना, प्रजनन केन्द्र/कार्यक्रम, बीउ बैंक र जीन बैंकहरूमार्फत वनस्पति तथा जनावरका आनुवंशिक स्रोतहरूको संरक्षण प्रवर्द्धन गर्ने।

**रणनीति १३ः वनमा हुने जलवायुजन्य विपद्को न्यूनीकरण र व्यवस्थापन गर्ने ।**

**कार्यनीतिहरू:**

मस्यौदा

- वन क्षेत्रमा फैलिने वाह्य तथा आंतरिक मिचाहा प्रजाति, रोग तथा कीराको नियमित अनुगमन, पूर्वसूचना प्रणाली तथा प्रकृतिमा आधारित समाधानहरू लागू गरी वनको स्वास्थ्य, जैविक विविधता तथा कार्बन सञ्चयको लागि संरक्षण गर्ने।
- वनमा रहेका ढलापडा, सुख्खड खडा, वुढो रूख, सुख्खा काठ तथा वन सम्बर्धन प्रणालीमा आधारित दिगो व्यवस्थापनमार्फत वन डढेलोका घटनाहरू न्यूनीकरण गर्ने ।
- वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, डिभिजन वन कार्यालय, वन उपभोक्ता समूह तथा सम्बन्धित निकायहरूको क्षमता अभिवृद्धि गरी वन डढेलो नियन्त्रणका लागि एकीकृत समन्वय संयन्त्र विकास गर्ने ।
- स्याउला, पातपतिंगर, सोत्तर तथा मिचाहा प्रजाति सदुपयोग गरी वनमा आश्रित समुदायको सहकार्यमा प्रारंगिक मल उत्पादन गर्ने साना तथा मझौला उद्योगहरु स्थापना गर्ने।
- वन तथा जैविक विविधतामा जलवायु परिवर्तनको प्रभाव, जोखिम तथा संवेदनशीलतासम्बन्धी अध्ययन तथा अनुसन्धान गर्ने, पारिस्थितिकीय जोखिम नक्साङ्कन तथा भू-उपयोग व्यवस्थापन प्रणालीलाई सुदृढ गर्ने।
- जलवायु परिवर्तनका कारणले सृजना हुने मानव वन्यजन्तु द्वन्द व्यवस्थापनको लागि एकीकृत योजना सहित स्थानीय स्तरमा आवश्यक प्रविधि र विकल्प पहिचान गरी कार्यान्वयन गर्ने।
- वनस्पति तथा रूखको रेखा मा हुने परिवर्तन (vegetation and tree line shifts), वासस्थानमा आएको परिवर्तन तथा संकुचन, मिचाहा प्रजातिको अतिक्रमण, र विपद्बाट हुने हानि तथा नोक्सानीका कारण जोखिममा परेका वनस्पति तथा वन्यजन्तु प्रजातिहरूको संरक्षण गर्न आवश्यक अध्ययन, अनुसन्धान र कार्यक्रम लागू गर्ने।

**रणनीति १४ः वनमा आश्रित समुदायका लागि जलवायु उत्थानशील हरित रोजगारी तथा जीविकोपार्जन सुनिश्चित गर्ने।**

**कार्यनीतिहरू:**

- जेष्ठ नागरिक, युवा, लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदाय, सीमान्तकृत वर्ग, अपांगता भएका व्यक्ति, दलित, महिला, आदिवासी जनजाति, वनमा आश्रित समुदाय तथा अन्य जोखिममा रहेका समूहलाई प्राथमिकतामा राख्दै सम्मानजनक रोजगारी तथा आयका श्रोत सिर्जना गर्ने गरी वनमा आधारित हरित तथा समावेशी हरित उद्यमहरूको विकास र हरित रोजगारी तथा जीविकोपार्जनका अवसरलाई पहिचानगरी विकास र  विस्तार गर्ने।
- खेर गएको, नदी उकास, भीरालो जमीनको समुचित र दिगो व्यवस्थापनको लागी कवुलियती वन, बगरेखेती, एकीकृत कृषि वन प्रणाली लगायतका कार्यक्रममार्फत जोखिममा रहेका समूहलाई प्राथमिकतामा राख्दै हरित रोजगारी तथा जीविकोपार्जनका अवसरलाई विस्तार गर्ने।
- नहर, सडक छेउका क्षेत्रहरू, सीमान्त जग्गाहरू र नदी किनारहरू जस्ता सार्वजनिक जग्गाहरूमा कृषि-वन प्रणालीलाई बढावा दिने।

मस्यौदा

- वन व्यवस्थापन कार्ययोजना, स्थानीय विकास योजना तथा सम्बन्धित क्षेत्रगत नीतिहरूमा जलवायु परिवर्तन अनुकूलन तथा न्यूनीकरणका उपायहरू मूलप्रवाहीकरण गर्दै वन क्षेत्रको जलवायु उत्तरदायी योजना प्रणाली सुदृढ गर्ने।
- वनबाट प्राप्त कार्बन र गैर-कार्बन लाभको समुदाय, महिला, आदिवासी जनजाति, मधेसी, दलित, अल्पसंख्यक तथा वनमा आश्रित स्थानीय समुदायबीच न्यायोचित र समतामूलक बाँडफाँट सुनिश्चित गर्दै आवश्यक सामाजिक तथा वातावरणीय सरक्षणका उपायहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्ने।
- स्वतन्त्र, पूर्वसूचित तथा सहमति (FPIC)मा आधारित प्रक्रिया मार्फत कानुनी रूपमा मान्यता प्राप्त सामूहिक तथा समुदायमा आधारित वन अधिकारसँग तादात्म्य हुने गरी कार्बन ब्यापारलाई कार्यान्वयनमा ल्याउन आवश्यक कार्य गर्ने।
- सरकारी निकाय, स्थानीय समुदाय, आदिवासी जनजाति, उपभोक्ता समूह, नागरिक समाज, निजी क्षेत्र तथा अन्य सरोकारवालाबीच समन्वय र ज्ञान आदान-प्रदानलाई सुदृढ गरी लगानीको प्रभावकारी परिचालन, असल अभ्यासहरूको विस्तार तथा वन तथा पारिस्थितिकीय प्रणालीमा आधारित जलवायु कार्यक्रमहरूको समन्वयात्मक तरीकाले कार्यान्वयन गर्ने।

**रणनीति १५: अनुसन्धान, जलवायु सूचना प्रणाली र नवप्रवर्तन मार्फत जलवायु उत्थानशील वन विकासलाई प्रवर्धन गर्ने।**

**कार्यनीतिहरू:**

- जलवायु अनुकूलन र न्यूनीकरणलाई सरकार द्वारा व्यबस्थित वन, समुदायमा आधारित वन व्यवस्थापन पद्धति, शहरी वन, संरक्षित वन, निजी वन प्रणालीमा समायोजन गर्ने।
- कृत्रिम बौद्धिकता (AI), दुरसंवेदनशील प्रणाली (Remote Sensing), जीआईएस (GIS) लगायतका प्रविधिहहरूको प्रयोग मार्फत वन तथा जैविक विविधता क्षेत्रमा पर्ने वन डढेलो जस्ता जलवायु जोखिम न्यूनीकरण गर्ने कार्ययोजना तयार गरी लागू गर्ने।
- बाढी, आगलागी, पहिरो, हिमपहिरो, हिमताल विस्फोटनबाट सिर्जित बाढीबाट जंगली जनावरलाई बचाउन जलवायुजन्य प्रकोपसम्बन्धी पोर्टलको स्थापनासहित पूर्वसूचना प्रणाली स्थापना गर्ने।
- अनुगमन तथा मूल्यांकनवाट वन तथा जैविक विविधता क्षेत्रमा जलवायु अनुकूलन र न्यूनीकरण कार्यान्वयनको प्रभावकारिता सुनिश्चित गर्न सहभागितामूलक अनुगमन तथा पृष्ठपोषणको व्यवस्था गर्ने।

## २.५.४ जलवायु उत्थानशील पूर्वाधार, जलवायु–मैत्री गाउँ तथा शहर

**नीति**

ग्रामीण र शहरी पूर्वाधार, सेवा सुबिधा, स्रोतको उपयोग तथा बस्तीहरूको एकीकृत, दिगो र हरित विकासमार्फत उत्थानशील गाउँ तथा शहरको विकास गर्ने।

मस्यौदा

**रणनीति तथा कार्यनीतिहरू**

**रणनीति १६ः जलवायु उत्थानशील, स्वच्छ ऊर्जा तथा न्यून कार्बनमा आधारित पूर्वाधारको विकासलाई प्रवर्द्धन गर्ने।**

**कार्यनीतिहरू:**

- जलवायु तथ्याङ्क, सूचना प्रणाली तथा जोखिम मूल्याङ्कनलाई सुदृढ गर्दै वैज्ञानिक प्रमाणमा आधारित भू-उपयोग योजना लागू गर्ने ।
- सबै प्रकारका पूर्वाधारको योजना, निर्माण, सञ्चालन तथा व्यवस्थापनमा जलवायु परिवर्तन अनुकूलन र विपद् जोखिम न्यूनीकरणलाई एकीकृत गर्न आवश्यक मापदण्ड, भवन संहिता, निर्देशिका तथा डिजाइन मापदण्ड विकास र कार्यान्वयन गर्ने।
- न्यून कार्बन निर्माण सामग्री, स्वच्छ तथा किफायती ऊर्जाको प्रयोग, तथा जलवायु अनुकूल निर्माण प्रविधिको प्रयोगलाई प्रवर्द्धन गर्ने।
- बाढी, पहिरो, खडेरी तथा अत्याधिक गर्मी र ताप, शीतलहर का कारण सिर्जित दवाव जस्ता जोखिम न्यूनीकरण गर्न पूर्वाधारको योजना, डिजाइन, निर्माण तथा व्यवस्थापनमा वायो इन्जिनियरिङ तथा प्रकृतिमा आधारित समाधान (Nature-based Solutions) को प्रयोगलाई प्रोत्साहन गर्ने।
- खोला किनार, भू-क्षय प्रभावित तथा संवेदनशील स्थानहरूमा रहेका ग्रामीण तथा शहरी बस्तिहरूको उचित व्यवस्थापनको लागी कार्यविधि तयार गरी कार्यान्यवन गर्ने।
- ग्रामीण तथा शहरी क्षेत्रमा रहेका परम्परागत ढुंगेधारा, पोखरी, ताल तलैया, सांस्कृतिक एवं धार्मिक स्थलहरूमा रहेका पूर्वाधार संरक्षण गर्न परम्परागत र नवीनतम अनुकूलनका उपायहरू पहिचान गरी लागू गर्ने।
- ग्रामीण तथा शहरी क्षेत्रको वढदो कंक्रिट सडक संरचनालाई निरुत्साहित गर्न विकल्प सहितको कार्यविधि तयार गरी लागु गर्ने।
- रणनीतिः जलवायु अनुकूलन, स्वच्छ ऊर्जाको प्रयोग मार्फत ग्रामीण र शहरी बस्तीहरूमा हुने वायु प्रदूषण तथा फोहोर व्यवस्थापन गर्ने।
- स्थानीय स्तरमा भू-उपयोग योजना तर्जूमा गर्दा जलवायु परिवर्तनका जोखिमहरूको आधारमा फोहोर व्यवश्थापनको योजनावद्ध तरीकाले निर्धारण गर्ने।
- फोहोरबाट ऊर्जा उत्पादन प्रणाली तथा जैविक ऊर्जा (बायोग्यास, जैविक ब्रिकेट तथा अन्य जैविक इन्धन) को विकास र विस्तार गर्ने तथा जैविक मल उत्पादन र प्रयोगलाई घरायसी, व्यावसायिक तथा उपयुक्त औद्योगिक क्षेत्रमा प्रवर्द्धन गर्ने।
- ल्यान्डफिलबाट मिथेन सङ्कलन, ताप तथा विद्युत् उत्पादनका लागि फोहोरको प्रयोग (Waste Incineration) तथा फोहोर पानी प्रशोधन प्रणालीका एनारोबिक डाइजेस्टरबाट मिथेन उत्पादनजस्ता उपायमार्फत फोहोरबाट ऊर्जा उत्पादन (Waste-to-Energy) लाई प्रवर्द्धन गर्ने।
- पूर्वधार विकासमा स्थानीय निर्माण सामग्री तथा परम्परागत निर्माण प्रविधि (जस्तै बाँस, ढुङ्गा, माटो आदि) को प्रयोगलाई प्रवर्द्धन गर्ने।

मस्यौदा

- वायु प्रदूषण कम गर्न शहरी क्षेत्रका सड़कहरू निर्माण गर्दा पैदल मार्ग र साइकल लेनको व्यवस्था गर्ने।
- स्थानीय सरकार, समाजिक परिचालन र युवा तथा स्थानीय समुदायको नेतृत्वमा वायु प्रदूषण तथा फोहोर व्यवस्थापन व्यवस्था गर्ने ब्यापक जनचेतना, वातावरण मैत्री ब्यवहार संग सम्बन्धित विविध कार्यक्रमहरू संचालन गर्ने।

**रणनीति १७: जलवायुजन्य बसाइँसराइ र विस्थापनको प्रभावकारी व्यवस्थापन गर्ने।**

**कार्यनीतिहरू:**

- जलवायुजन्य बसाइँसराइ, विस्थापन र हानि तथा नोक्सानीको अध्ययन र अनुसन्धानलाई प्रोत्साहन गर्ने ।
- जलवायु जोखिमयुक्त ग्रामीण क्षेत्रमा बसाइँसराइ, विस्थापन र हानि तथा नोक्सानी व्यवस्थापन गर्न कार्ययोजना तयार गरी लागू गर्ने ।
- जलवायुजन्य बसाइँसराइ, विस्थापन तथा त्यसबाट पूर्वाधार र सेवा क्षेत्रमा पर्ने चाप व्यवस्थापन गर्न ग्रामीण तथा शहरी स्थानीय तहबीच समन्वय तथा सहकार्य संयन्त्र सुदृढ गर्ने।

## २.५.५ स्वच्छ ऊर्जा, कार्बन न्यून औद्योगिक क्षेत्र, पूर्वाधार तथा यातायात

**नीति**

**समावेशी, भरपर्दो र न्यून कार्बन प्रबिधियुक्त उद्योग, यातायात, र भौतीक पूर्वाधारको विकास मार्फत दिगो विकासको अवधारणा अवलम्बन गर्ने।**

**रणनीति तथा कार्यनीतिहरू**

**रणनीति १८:** ऊर्जा, नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षतासम्बन्धी नीति, कानुन, मापदण्ड तथा निर्देशिकाको तर्जुमा र प्रभावकारी कार्यान्वयन गर्ने।

**कार्यनीतिहरू:**

- जलाशययुक्त तथा पम्प्ड स्टोरेज जलविद्युत्, लघु तथा साना जलविद्युत्, सौर्य, वायु तथा जैविक ऊर्जालगायत नवीकरणीय ऊर्जा उत्पादन वढाउने ।

- जैविक ऊर्जा (बायोग्याँस, जैविक ब्रिकेट तथा अन्य जैविक इन्धन) को विकास र विस्तार गर्ने तथा जैविक मल उत्पादन र प्रयोगलाई घरायसी, व्यावसायिक तथा उपयुक्त औद्योगिक क्षेत्रमा प्रवर्द्धन गर्न योजना बनाई कार्यान्वयन गर्ने।
- उद्योगमा कार्बन सोस्ने, यसको प्रयोग गर्ने र यसलाई भण्डारण गर्ने, कार्बन क्याप्चर, युटिलाइजेसन एन्ड स्टोरेज (CCUS) जस्ता स्वच्छ प्रविधि पहिचान, परीक्षण र प्रवर्द्धन गर्ने।
- हरित हाइड्रोजन, फोहोरजन्य इन्धनबाट उत्पादित Compressed Natural Gas, तथा उन्नत ऊर्जा सञ्चय प्रविधिजस्ता उदीयमान न्यून कार्बन तथा शून्य उत्सर्जन प्रविधिको अनुसन्धान, परीक्षण, मापदण्ड विकास तथा सुरक्षित प्रयोगलाई उद्योग, खाना पकाउने तथा यातायात क्षेत्रमा प्रवर्द्धन गर्ने।
- खेर गएको तथा बाँझो, प्रयोगमा नआएको जमीनमा सौर्य ऊर्जा उत्पादन गर्ने प्रयोजनको लागि आवश्यक नीति तथा योजना सहित लागू गर्ने।

**रणनीति १९: स्वच्छ ऊर्जाको पहुँच र उपयोगलाई विस्तार तथा विविधीकरण गर्ने ।**

**कार्यनीतिहरू:**

- राष्ट्रिय ग्रिड तथा अफ-ग्रिड सौर्य ऊर्जा, विकेन्द्रीत नवीकरणीय ऊर्जा प्रणाली (Distributed Renewable Energy-DRE) तथा ब्याट्री ऊर्जा सञ्चय प्रणालीको विस्तार गरी ग्रामीण, दुर्गम तथा सेवा नपुगेका क्षेत्रमा विद्युत् सेवाको विश्वसनीयता र पहुँच अभिवृद्धि गर्ने।
- स्थानीय पूर्वधार, विद्यालय, स्वास्थ्य संस्था लगायतका सामाजिक पूर्वाधारको क्षेत्रमा पनि स्वच्छ ऊर्जाको विस्तार गर्ने।
- सौर्य प्रणाली जडित घरहरू, अन-ग्रिड तथा अफ-ग्रिड विद्युतमार्फत ऊर्जाको पहुँच बढाउन निजी क्षेत्रको संलग्नता बढाउने।
- विद्युतीय चुलो, सुधारिएको (मेटालिक स्टोभ समेत) चुलो, घरायसी तथा ठूला बायोग्याँस प्रणाली, बायोचार, बायो-पेलेट तथा सौर्य प्रणालीको विस्तारमार्फत स्वच्छ खाना पकाउने तथा ताप (Heating System) व्यवस्थापनलाई प्रवर्द्धन गर्ने ।
- परम्परागत जैविक इन्धनको प्रयोगमार्फत हुने घरायसी धुँवा न्यूनीकरण गर्ने तथा विशेषगरी महिला, बालबालिका, वृद्द वृद्धाको जनस्वास्थ्यमा सुधार ल्याउने कार्यक्रम लागू गर्ने।
- पराल, नल, छवाली, मकै ढोड, तथा अन्य जैबिक स्रोत जलाउने कार्य दुरुत्साहित गर्न जनचेतना अभिवृद्धि गर्ने।

**रणनीति २०: सडक र यातायात लक्षित स्वच्छ ऊर्जा र ऊर्जा-किफयाती प्रविधिको प्रयोगलाई प्रवर्द्धन गर्ने।**

**कार्यनीतिहरू:**

- निजी, सार्वजनिक, मालवाहक तथा फोहोर संकलनका सवारी साधनमा विशेषगरी ब्याट्रीबाट चल्ने विद्युतीय सवारी तथा हरित हाइड्रोजनमा आधारित सवारी साधनको प्रयोग तीव्र रूपमा विस्तार गर्न आवश्यक योजना लागू गर्ने।
- विद्युतीय सवारीसाधनहरु तथा चार्जिङलगायतका उपकरणको उत्पादन, पार्टपुर्जा जडान तथा बिक्रीलाई प्रवर्द्धन गर्न वित्तीय प्रणालीको स्थापना गर्ने ।
- पर्याप्त चार्जिङ पूर्वाधार, प्राविधिक मापदण्ड, दक्ष जनशक्ति, लैङ्गिक तथा अपाङ्गतामैत्री डिजाइन तथा सेवा केन्द्रहरूको विकास गर्ने।
- विद्युतीय सवारी तथा अन्य स्वच्छ उपकरणको प्रयोग भैसकेका तथा प्रयोगमा नआउने ब्याट्रीको समुचित ब्यावस्थापनको लागी कार्ययोजना सहित कार्यान्वयन र नियमन गर्ने।
- विद्युतीय बस, विद्युतीय रेल, मोनोरेल तथा केबलकारजस्ता स्वच्छ सार्वजनिक यातायात प्रणालीको विकास तथा विस्तार गर्ने।
- सार्वजनिक यातायातलाई सुदृढ बनाउने तथा पैदलमार्ग, साइकलमार्ग, साइकल साझेदारी प्रणाली (Bicycle Sharing) लगायत गैर-मोटरयुक्त यातायातलाई प्रमुख शहरहरूमा प्रवर्द्धन गरी शहरी तथा अन्तरशहरी आवागमनलाई हरित तथा दिगो बनाउन योजना सहित कार्यक्रम लागू गर्ने।
- यातायात साधन, उद्योग कलकारखानाहरूबाट निस्कने प्रदूषणको प्रभावकारी अनुगमन, निरीक्षणका लागी आवश्यक जनशक्ति, प्रविधि सहित संस्थागत सबलीकरण गर्ने।
- संस्थागत सामाजिक उत्तरदायित्त्व मार्फत उद्योग र यातायात, विशेष गरी हवाई यातायात क्षेत्रमा हुने उत्सर्जन न्यूनीकरणमा निजी क्षेत्रलाई प्रोत्साहन र परिचालन गर्ने।

**रणनीति २१ः पूर्वाधार, उद्योग तथा निर्माण क्षेत्रमा स्वच्छ ऊर्जा र ऊर्जा-किफायती प्रविधिको प्रयोगलाई प्रवर्द्धन गर्ने।**

**कार्यनीतिहरू:**

- उद्योग तथा व्यापारिक क्षेत्रमा जलवायुमैत्री विद्युतीकरण (जस्तै विद्युतीय भट्टी र बोयलर), स्वच्छ इन्धन, फोहोर ताप पुनःप्रयोग (Waste Heat Recovery), परम्परागत इँटा उद्योगलाई (जिगज्याग तथा विद्युतीय टनेल भट्टाजस्ता) आधुनिक प्रविधिमा रूपान्तरण गर्ने।
- सबै फलाम तथा स्टिल उद्योगहरूले विद्युतीय भट्टी प्रयोग गर्ने गरी विद्युतमा आधारित भट्टीहरु जडान कार्य विस्तार गर्ने।
- उद्योगहरूले नियमित रूपमा ऊर्जा लेखापरीक्षण (Energy Audit) गर्ने तथा हरितगृह ग्याँस (GHG) उत्सर्जनको अनुगमन, मापन र प्रतिवेदन गर्ने प्रणाली क्रमशः अनिवार्य रूपमा लागू गर्ने।
- पूर्वधार क्षेत्र, भवन, अस्पताल, तथा शहरी र ग्रामीण आवास क्षेत्रमा भवन संहिता, ऊर्जा किफयाती उपकरणको लेबलिङ, भवन पुनः सुदृढीकरण (Retrofit), ऊर्जाको माग व्यवस्थापन (Demand-side Management) का उपायहरू कार्यान्वयन गर्ने।

मस्यौदा

**रणनीति २२: स्वच्छ ऊर्जा, कार्बन न्यून औद्योगिक क्षेत्र तथा यातायातमा हरित लगानीलाई प्रोत्साहन गर्न ।**

**कार्यनीतिहरू:**

- हरित लगानीमा निजी क्षेत्रको सहभागिताको लागी रणनीतिक कार्ययोजना सहित निजी क्षेत्र लक्षित कार्यक्रम लागू गर्ने।
- संघ, प्रदेश तथा स्थानीय तहमा नगर ऊर्जा व्यवस्थापन योजना, तथ्याङ्क तथा अनुगमन प्रणाली, कार्बन बजार तयारी तथा लक्षित क्षमता विकास कार्यक्रममार्फत संस्थागत, प्राविधिक तथा नियामकीय क्षमता सुदृढ गर्ने।
- ऊर्जा, नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षतासम्बन्धी नीति, कानुन, मापदण्ड तथा निर्देशिकाको तर्जुमा र प्रभावकारी कार्यान्वयनमार्फत ऊर्जा सुरक्षा, स्वच्छ ऊर्जाको विविधीकरण गर्ने।

**रणनीति २३: स्वच्छ ऊर्जा उत्पादन, वितरण तथा लगानीलाई सुरक्षित गर्न जोखिम न्यूनीकरणलाई लगानीमा एकीकृत गर्ने।**

**कार्यनीतिहरू:**

- जलवायुजन्य विपदहरू र यसबाट हुने हानि नोक्सानीलाई सम्बोधन गर्न ऊर्जा उत्पादन, वितरणमा जलवायु जोखिम न्यूनीकरणका उपाय अवलम्बन गर्न उपयुक्त कार्यविधि र योजना तयार गरी लागू गर्ने।
- जलवायुजन्य विपदका असरको विश्लेषणको आधारमा जलवायु उत्थानशील सड़क तथा यातायात गुरुयोजना तयार गरी कार्यान्यवन गर्ने।

## २.५.६ जलवायु तथा विपद् जोखिम, बसाइँसराइ र विस्थापनको समुचित व्यवस्थापन

**नीति**

जलवायुजन्य बिपद् वाट प्रभावित तथा बसाइँसराइ गरेका वा विस्थापित भएका समुदायका लागि विपदको पूर्वानुमान, पुर्व सुचना प्रणाली तथा हानि तथा नोक्सानी न्यूनीकरण गर्न योजनाबद्ध, सुरक्षित, सम्मानजनक तथा उत्थानशील विकल्पहरु पहिचान तथा व्यवस्थापन गर्ने।

**रणनीति तथा कार्यनीतिहरू**

**रणनीति २४: जलवायु जन्य प्रकोप, विपद्को** पूर्वानुमान, पुर्व सुचना प्रणाली तथा हानि तथा नोक्सानी न्यूनीकरण **गर्ने।**

**कार्यनीतिहरू:**

मस्यौदा

- जलवायुजन्य बहु-प्रकोप तथा जोखिम नक्साङ्कन, जलवायु प्रक्षेपण तथा पारिस्थितिकीय संवेदनशीलतालाई संघीय, प्रदेश तथा स्थानीय भू-उपयोग योजनामा समावेश गरी जोखिममा आधारित योजना प्रणाली लागू गर्ने।
- जलाधार तथा भिरालो भूभागको स्थिरीकरण, नदी तथा बाढी पुनर्स्थापना, सिमसार तथा वन संरक्षण लगायतका प्रकृतिमा आधारित तथा पारिस्थितिकीय प्रणालीमा आधारित विपद् जोखिम न्यूनीकरण (Nature-based and Ecosystem-based DRR) का उपायहरू लागू गरी बाढी, पहिरो तथा खडेरीको जोखिम न्यूनीकरण गर्ने।
- उच्च जोखिमयुक्त हिमताल (राष्ट्रिय तथा क्षेत्रीय), नदी प्रणाली तथा भिरालो भूभागको नियमित पहिचान, अनुगमन तथा व्यवस्थापन गर्ने।
- जोखिमयुक्त हिमतालको नियन्त्रित पानी निकास, वायो इन्जिनियरिङ उपाय, पारिस्थितिकीय पुनर्स्थापना तथा स्थानीय ज्ञानको उपयोग र प्रचारप्रसार मार्फत हिमताल विस्फोट (GLOF) तथा जलवायुजन्य जोखिम न्यूनीकरण गर्ने।
- उच्च जोखिमयुक्त हिमताल, बाढी लगायतका विपद संबंधी अनुसन्धान, अनुगमन, सूचना आदानप्रदान, पूर्वतयारी, पूर्वसूचना प्रणाली, र प्रतिकार्यको लागी क्षेत्रीय तथा अन्तराष्ट्रीय समन्वयको लागी संयन्त्र स्थापना गरी सहकार्य गर्ने।
- आर्थिक तथा गैर-आर्थिक हानि-नोक्सानीको मूल्याङ्कन, अभिलेखीकरण तथा व्यवस्थापनका लागि स्पष्ट संस्थागत जिम्मेवारी तथा समन्वय संयन्त्र स्थापना गरी लागू गर्ने ।
- जोखिम न्यूनीकरण र जलवायु उत्थानशीलता सम्बन्धी कार्यान्वयनको उपलब्धि तथा प्रभावको नियमित अनुगमन तथा मूल्याङ्कन गर्ने।
- बहुप्रकोप विपद् जोखिम आकलन पद्धतिलाई संस्थागत गर्न साझा राष्ट्रिय ढाँचा (Common National Framework) तथा पद्धतिको विकास गर्ने।
- पूर्वाधारहरू, आश्रयस्थलहरू, विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा खानेपानीका संरचनाहरूका लागि बहूजोखिम आकलन तथा नक्साङ्कन तयार गर्ने।
- संघ, प्रदेश र स्थानीय जलवायु अनुकूलन र विपद जोखिम न्यूनीकरण कार्यमा एकरूपता सहकार्य र समन्यय सुदृढ गर्ने।

**रणनीति २५: समुदाय केन्द्रित बहुप्रकोपमा आधारित विपद व्यबस्थापनलाई सुदृढ गर्ने।**

**कार्यनीतिहरू:**

- उत्थानशील समाजको निर्माणको लागि विपद सुरक्षित संस्कृति (culture of safety) को विकास गर्न मापदण्ड निर्माण गरी लागु गर्ने।
- सामुदायिक साथै घरधुरी तहको जलवायु तथा विपद तयारी तथा प्रतिकार्य योजना स्थानीय ज्ञान, स्रोत र सिपका आधारमा तयार गरी लागु गर्ने र यसको कार्यान्व्यवन लागी वित्तीय स्रोतको व्यवस्था गर्ने।

- उच्च जोखिमयुक्त क्षेत्रमा बसोबास गर्ने समुदायका लागि जलवायु उत्थानशील कृषि, आयआर्जनका विविध अवसर, सामाजिक सुरक्षा तथा सीप विकास कार्यक्रम विस्तार गरी उनीहरूलाई सुरक्षित रूपमा आफ्नै स्थानमा अनुकूलन गर्न वा आवश्यक परेमा सम्मानजनक रूपमा स्थानान्तरण हुन सक्षम बनाउन कार्यक्रम लागू गर्ने।
- महिला, युवा, बृद्ध, बालबालिका, लैङ्गिक तथा यौनिक समुदाय, अपाङ्गता-संवेदनशील विपद् पूर्वतयारी र प्रतिकार्यलाई कार्यान्वयन गर्ने।
- जलवायु तथा विपद् जोखिम वित्तीय व्यवस्थापनलाई संस्थागत गर्दै जलवायु तथा विपद् बीमा, आकस्मिक कोष, पूर्वानुमानमा आधारित वित्तीय व्यवस्था (Forecast-based Financing), कामको लागि नगद (Cash-for-Work) कार्यक्रम तथा जोखिम न्यूनीकरण र जलवायु उत्थानशील अभ्यासलाई प्रोत्साहन गर्ने वित्तीय संयन्त्रहरू विकास, कार्यान्वयन तथा नियमित अनुगमन गर्ने।
- विपद्बवाट बढी प्रभावित, संकटासन्न समूहहरूको सहभागिता बढाउँदै, सशक्तीकरण र साझेदारीको प्रवर्द्धन गर्न विपद् जोखिम सरोकार समूहहरू गठन गर्ने।

**रणनीति २६ः जलवायुजन्य बसाइँसराइ र विस्थापनवाट प्रभावित समुदायका लागि योजनाबद्ध, सुरक्षित, सम्मानजनक तथा उत्थानशील विकल्पहरूको व्यवस्था गर्ने।**

**कार्यनीतिहरू:**

- जलवायुजन्य बसाइँसराइ, विस्थापन तथा योजनाबद्ध पुनःस्थापनासम्बन्धी नीति, मापदण्ड, सुरक्षण उपाय तथा कार्यान्वयन निर्देशिका विकास र लागू गर्ने।
- संकटासन्न र प्रभावित समुदायको संरक्षणका लागी बसाइँसराइ र विस्थापनको जोखिममा परेका समुदायका लागी उचित ब्यवस्थापन गर्ने।

**रणनीति २७ः जलवायु सूचना प्रणालीलाई सुदृढ, भरपर्दो, प्रभावकारी, समावेशी र समयानुकूल वनाउने।**

**कार्यनीतिहरू:**

- बाढी, पहिरो, हिमताल विस्फोट (GLOF), खडेरी तथा वन डढेलोजस्ता जोखिमका लागि बहुप्रकोपमा आधारित विपद पूर्व सूचना प्रणाली, पुर्व चेतावनी प्रणाली, प्रभाव-आधारित पूर्वानुमान (Impact-based Forecasting) प्रणाली, पुर्व कार्य प्रणाली विकास तथा विस्तार गर्ने,
- विपद पूर्व, विपद समयमा तथा विपदपश्चात को अवश्थामा आवश्यक हुने विपद व्यवस्थापन कार्यविधी वा पुर्वतयारी योजना तयार गरी लागु गर्ने।
- जल तथा मौसम विज्ञानसम्बन्धी संस्था तथा प्रणालीको प्राविधिक, संस्थागत तथा डिजिटल क्षमता अभिवृद्धि गरी वास्तविक समय (Real-time) मा मौसम, बाढी तथा जलवायु सूचना उपलब्ध गराउने आधुनिक जल तथा मौसम सूचना सेवा विकास गर्ने ।

मस्यौदा

- विभिन्न भाषा, बर्ग, संस्कृति, उमेर, लिंग, जनजाति र अपांगता भएका व्यक्ति र समूहहरूको जलवायु परिवर्तनसंग सम्बन्धित सूचना र पहुँचलाई समयानुकूल, विश्वसनीय, भरपर्दो, स्थानीयकृत बनाउदै लागु गर्ने ।

## २.५.७ जलवायु उत्थानशील स्वास्थ्य प्रणाली तथा स्वास्थ्य–समृद्धि

**नीति**

जलवायु उत्थानशील स्वास्थ्य प्रणाली तथा स्वास्थ्य-समृद्धिका लागी जलवायु-संवेदनशील रोगहरूको निगरानी तथा अनुगमन प्रणाली सुदृढ गर्ने, जनचेतना, क्षमता, अनुसन्धान तथा पूर्वसूचना प्रणालीको विकास गर्ने, तथा स्वास्थ्य क्षेत्रका लागि आवश्यक जलवायु वित्त परिचालन गर्ने।

**रणनीति तथा कार्यनीतिहरू**

**रणनीति २८ः स्वास्थ्य क्षेत्रका नीति कार्यक्रम तथा संस्थागत संरचनामा जलवायु उत्थानशीलतालाई समावेश गर्ने।**

**कार्यनीतिहरूः**

- जलवायु अनुकूलन र उत्थानशीलतालाई एक स्वास्थ्य रणनीति (One Health Apprach) पूर्ण रूपमा आन्तरिकीकरण गर्ने।
- जोखिमयुक्त, दुर्गम तथा सेवा पहुँच कम भएका समुदायहरूमा प्राथमिक स्वास्थ्य सेवा प्रणालीलाई जलवायु उत्थानशील बनाउँदै जलवायुजन्य विपद् तथा संकटका समयमा पनि आधारभूत स्वास्थ्य सेवा निरन्तर उपलब्ध हुने व्यवस्था सुनिश्चित गर्ने।
- संघ, प्रदेश तथा स्थानीय तहका स्वास्थ्य नीति, रणनीति, योजना, कार्यक्रम तथा बजेटमा जलवायु परिवर्तनका प्रभाव र स्वास्थ्यसम्बन्धी जोखिमलाई अनिवार्य रूपमा समावेश गरी जलवायु अनुकूलनका प्राथमिकता तथा कार्यक्रम कार्यान्वयन गर्ने।
- सरकारी निकाय, स्वास्थ्य संस्था, अनुसन्धान संस्था, निजी क्षेत्र, विकास साझेदार तथा समुदायबीच समन्वय र साझेदारी सुदृढ गर्दै जलवायु उत्थानशील स्वास्थ्य योजना, कार्यविधिको ब्यवस्था र कार्यान्वयन गर्ने तथा स्वास्थ्यकर्मीको क्षमता अभिवृद्धि गर्ने।

**रणनीति २९ः जलवायु-संवेदनशील रोगहरूको निगरानी तथा अनुगमन प्रणाली सुदृढ गर्ने, अनुसन्धान तथा पूर्वसूचना प्रणालीको विकास गर्ने।**

**कार्यनीतिहरूः**

- जलवायु तथा स्वास्थ्य जोखिमहरुको पहिचान, रोकथाम, नियन्त्रण तथा उपचार प्रणालीको व्यवस्था गर्नका लागि संघ, प्रदेश तथा स्थानीय तहका स्वास्थ्य योजना तथा कार्यक्रममा एकीकृत गर्दै जलवायु-संवेदनशील रोग, विपद् तथा स्वास्थ्य जोखिमको पूर्वानुमान, तयारी र प्रभावकारी व्यवस्थापन गर्ने।

- जलवायु-संवेदनशील रोगहरूको नियमित निगरानी, पूर्वानुमान तथा प्रकोपको पूर्वचेतावनीका लागि संघ, प्रदेश र स्थानीय तहबीच समन्वित निगरानी प्रणाली स्थापना तथा सुदृढ गर्ने।
- जलवायु परिवर्तन तथा स्वास्थ्यसम्बन्धी अनुसन्धान, नवप्रवर्तन, तथ्याङ्क प्रणाली तथा ज्ञान व्यवस्थापनलाई प्रवर्द्धन गर्ने।
- लू, शीतलहर, बाढी, डेंगु, मलेरिया लगायतका वाहकजन्य रोग (Vector-borne Diseases), पानीजन्य रोग, वायु प्रदूषण तथा अन्य जलवायुजन्य स्वास्थ्य जोखिमका लागि पूर्वसूचना तथा प्रतिकार्य प्रणाली विकास तथा कार्यान्वयन गर्ने।
- अस्पताल, प्रयोगशाला तथा स्वास्थ्य संस्थाहरूको जलवायु-संवेदनशील रोगको निदान, उपचार र प्रतिकार्य क्षमता अभिवृद्धि गर्दै आवश्यक पूर्वाधार, दक्ष जनशक्ति तथा स्वास्थ्य आपत्कालीन व्यवस्थापन टोलीको विकास र विस्तार गर्ने।
- जलवायु-संवेदनशील रोगको सूचना तथा निगरानी प्रणालीलाई डिजिटल प्रविधिसँग जोड्दै पूर्वचेतावनी, पूर्वतयारी, आपत्कालीन व्यवस्थापन तथा प्रतिकार्यका लागि संघ, प्रदेश र स्थानीय तहमा एकीकृत संयन्त्र र कार्यविधि विकास तथा सञ्चालन गर्ने।
- जलवायु परिवर्तन र स्वास्थ्यसम्बन्धी अध्ययन, अनुसन्धान तथा ज्ञानको प्रवर्द्धनमा जोड दिँदै स्वास्थ्य जोखिमलाई न्यूनीकरण गर्नका लागि बहुसरोकारवाला निकायहरूसँग समन्वय र सहकार्य गर्ने।

**रणनीति ३०: स्वास्थ्य प्रणालीको उत्थानशीलता अभिवृद्धि गर्ने।**

**कार्यनीतिहरू:**

- जलवायु परिवर्तनले स्वास्थ्य र सरसफाई क्षेत्रमा पारेको र पार्नसक्ने असर र स्वास्थ्य सतर्कता सम्बन्धी जनचेतना र आवश्यक सिप, ज्ञानको प्रवर्द्धनका लागी जलवायु सचेतना कार्यक्रम लागू गर्ने।
- जलवायु उत्थानशील तथा न्यून-कार्बन स्वास्थ्य पूर्वाधार विकास गर्न नयाँ तथा विद्यमान स्वास्थ्य संस्थाहरूलाई जलवायु जोखिम मूल्याङ्कनका आधारमा वातावरणमैत्री, जलवायु उत्थानशील तथा न्यून-कार्बन मापदण्डअनुरूप निर्माण, पुनर्निर्माण तथा स्तरोन्नति गर्ने व्यवस्था गर्ने।
- स्वास्थ्य संस्थाहरूमा नवीकरणीय ऊर्जा, ऊर्जा दक्ष प्रविधि, वर्षाको पानी सङ्कलन तथा पुनःप्रयोग, र अन्य न्यून-कार्बन समाधानको प्रयोग विस्तार गरी स्वास्थ्य क्षेत्रको कार्बन उत्सर्जन र वातावरणीय प्रभाव न्यूनीकरण गर्ने।
- स्वास्थ्य संस्थाहरूमा सुरक्षित खानेपानी, सरसफाइ तथा स्वच्छता (WASH), स्वास्थ्यजन्य फोहोरमैला व्यवस्थापन तथा वातावरण, लैङ्गिक, बालबालिका र अपाङ्गमैत्री (GESI) सुविधा अनिवार्य रूपमा सुनिश्चित गर्ने।
- सबै स्वास्थ्य संस्थामा सुरक्षित खानेपानी, सरसफाइ, नवीकरणीय ऊर्जा, तथा जलवायु उत्थानशील पूर्वाधारको विकास र विस्तारका लागि आवश्यक लगानी अभिवृद्धि गर्ने।

- क्षमता अभिवृद्धि, पेशागत सुरक्षा, मानसिक स्वास्थ्य सहयोग तथा आवश्यक स्रोत-साधनको व्यवस्थामार्फत जलवायु परिवर्तनप्रति सचेत, दक्ष तथा सुरक्षित स्वास्थ्यकर्मीको विकास र संरक्षण गर्ने।
- जलवायु परिवर्तनबाट उत्पन्न गैर-आर्थिक हानि तथा नोक्सानी (Non-economic Loss and Damage) का स्वास्थ्य प्रभावलाई सम्बोधन गर्न मनोसामाजिक परामर्श, मानसिक स्वास्थ्य सेवा, आघात (Trauma) तथा मानसिक तनाव व्यवस्थापन कार्यक्रम विकास तथा कार्यान्वयन गर्ने।
- जलवायु परिवर्तनले यौन प्रजनन स्वास्थ्य तथा अधिकारमा पारेको नकारात्मक असर कम गर्न विशेष अनुकूलनको योजना तयार गरी लागु गर्ने ।
- घरपरिवार, होटल, स्वास्थ्य संस्था तथा अन्य प्रतिष्ठानबाट उत्पन्न हुने हानिकारक तथा जोखिमयुक्त फोहोरको स्रोतमै वर्गीकरण, सुरक्षित सङ्कलन, प्रशोधन तथा व्यवस्थापन सुनिश्चित गर्ने तथा जैविक फोहोरको ऊर्जा उत्पादनमा उपयोगलाई प्रवर्द्धन गर्ने।

**रणनीति ३१: जलवायु वित्त परिचालन गर्दै स्वास्थ्य प्रणालीको उत्थानशीलता अभिवृद्धि गर्ने ।**

**कार्यनीतिहरू:**

- जलवायु अनुकूलन, स्वास्थ्य तयारी, महामारी तथा विपद् प्रतिकार्यका लागि निश्चित बजेट सुनिश्चित गर्दै सार्वजनिक, निजी तथा विकास साझेदारबाट प्राप्त स्रोत परिचालनमार्फत दिगो तथा जलवायु-उत्तरदायी स्वास्थ्य वित्त प्रणाली विकास गर्ने।
- जलवायु जोखिम बीमा स्थापना गरी जलवायु संवेदनशील समूह केन्द्रित बीमा सेवा विस्तार गर्ने।
- जलवायुजन्य विपद् तथा आपतकालीन अवस्थाका समयमा पनि स्वास्थ्य सेवा निरन्तर सञ्चालन गर्न अत्यावश्यक औषधि, खोप, स्वास्थ्य उपकरण तथा आवश्यक सामग्रीको आपूर्ति शृङ्खला सुदृढ गर्ने तथा रणनीतिक मौज्दात (Strategic Stockpile) को व्यवस्था गर्ने।
- सबै नागरिकको स्वास्थ्य बीमा तथा स्वास्थ्य बीमा सेवामा पहुँच विस्तार गर्दै जलवायुजन्य स्वास्थ्य जोखिमबाट प्रभावित समुदायको आर्थिक सुरक्षा तथा स्वास्थ्य सेवामा पहुँच सुनिश्चित गर्ने।

## २.५.८ जलवायु उत्थानशील हिमाली पारिस्थितिकीय प्रणाली तथा दिगो पर्यटन

**नीति**

हिमाली तथा उच्च पहाडी पारिस्थितिकीय प्रणाली, हिमनदी, हिमताल, जलाधार तथा जैविक विविधताको संरक्षण गर्दै, जलवायु परिवर्तनप्रति उत्थानशील, समावेशी र दिगो पर्यटनको विकासमार्फत स्थानीय समुदाय तथा आदिवासी जनजातिको जीविकोपार्जन सुदृढ गर्ने तथा हिमाली क्षेत्रको दिगो विकास सुनिश्चित गर्ने।

मस्यौदा

**रणनीति तथा कार्यनीतिहरू**

**रणनीति ३२: हिमाली तथा उच्च पहाडी पारिस्थितिकीय प्रणाली, हिमनदी, हिमताल, जलाधार तथा जैविक विविधताको संरक्षण गर्ने।**

**कार्यनीतिहरू:**

- उच्च हिमाली क्षेत्रका जलाधार, चरनभूमि, अल्पाइन घाँसेमैदान, सिमसार तथा अन्य संवेदनशील पारिस्थितिकीय प्रणालीहरूको संरक्षण, पुनर्स्थापना तथा दिगो व्यवस्थापन गर्दै जलस्रोत, जैविक विविधता र पारिस्थितिकीय सेवाको दीर्घकालीन सुरक्षा सुनिश्चित गर्न योजना सहित कार्यक्रम लागु गर्ने।
- हिमाली क्षेत्रमा अनुकूलन क्षमता अभिवृद्धि गर्न स्थानीय तथा आदिवासीको परंपरागत ज्ञान, आधुनिक विज्ञान र नवीन प्रविधिको समन्वयात्मक उपयोगलाई प्रवर्द्धन गर्ने तथा समुदायमा आधारित प्राकृतिक स्रोत व्यवस्थापनलाई सुदृढ गर्ने।

**रणनीति ३३: हिमाली तथा उच्च पहाडी पारिस्थितिकीय प्रणालीमा हुने जलवायु जोखिम न्यूनीकरण र व्यवस्थापन गर्ने।**

**कार्यनीतिहरू:**

- हिमनदी, हिमताल, हिमक्षेत्र (Snow Cover), पर्माफ्रस्ट तथा अन्य हिममण्डलीय (Cryosphere) प्रणालीहरूको नियमित अनुगमन, अध्ययन तथा अनुसन्धान विस्तार गरी जलवायु परिवर्तनका प्रभावको वैज्ञानिक अभिलेखीकरण गर्ने।
- हिमताल बिस्फोट (GLOF), हिमपहिरो (Avalanche), हिमनदीजन्य बाढी तथा अन्य हिमाली जोखिमहरूको नियमित जोखिम मूल्याङ्कन, पूर्वसूचना प्रणाली तथा तयारी योजना विकास गरी हिमाली समुदाय, पूर्वाधार तथा पर्यटन क्षेत्रको सुरक्षा अभिवृद्धि गर्ने।
- पर्वतीय पर्यटन, पदयात्रा (Trekking), पर्वतारोहण, धार्मिक तथा सांस्कृतिक पर्यटनलाई जलवायु उत्थानशील बनाऊन पर्यटन पूर्वाधार, पदमार्ग, आश्रयस्थल तथा सेवा सुविधामा जलवायु जोखिम व्यवस्थापनका मापदण्ड लागू गर्ने।
- पर्यटन क्षेत्रबाट उत्पन्न हुने फोहोर, प्लास्टिक तथा प्रदूषण न्यूनीकरणका लागि शून्य फोहोर पर्यटन (Zero Waste Tourism), दिगो अर्थतन्त्र (Circular Economy) तथा हरित पर्यटन अभ्यासहरूलाई प्रवर्द्धन गर्ने।
- पर्यटन क्षेत्रको जलवायु जोखिम न्यूनीकरण र व्यवस्थापन गर्ने पर्यटन व्यवसायी, स्थानीय समुदाय, र पर्यटन क्षेत्रमा आश्रित अन्य समूह केन्द्रित दीर्घकालीन योजना सहित कार्यक्रम संचालन गर्ने ।

**रणनीति ३४: प्रकृतिमा आधारित पर्यटनलाई प्रवर्धन गर्दै हरित रोज़गारी र जीविकोपार्जनको प्रत्याभूति गर्ने।**

मस्यौदा

**कार्यनीतिहरू:**

- हिमाली, पहाडी तथा तराई क्षेत्रमा बसोबास गर्ने समुदायका लागि प्रकृतिमा आधारित पर्यटन, जैविक कृषि, जडीबुटी, तथा अन्य हरित उद्यममार्फत जलवायु उत्थानशील जीविकोपार्जनका अवसर विस्तार गर्ने।
- पर्वतीय पर्यटन तथा हिमाली विकासका सबै कार्यक्रमहरूमा महिला, युवा, आदिवासी जनजाति, अल्पसंख्यक तथा अन्य सीमान्तकृत समूहहरूको अर्थपूर्ण सहभागिता, समान लाभको सुनिश्चितता तथा सामाजिक समावेशीकरणलाई प्रवर्द्धन गर्ने।
- पर्यापर्यटन, हरित पैदल मार्ग र पर्यटन गंतव्यहरुको विविधिकरण जस्ता जलवायुमैत्री पर्यटनका अवधारणाहरूलाई पर्यटन क्षेत्रको विकासमा मूलप्रवाहीकरण गर्ने।
- पर्यटकीय क्षेत्र, व्यवसाय र पूर्वाधारहरूमा नवीकरणीय ऊर्जा, ऊर्जा किफायती प्रविधि, पानीको दक्ष उपयोग तथा फोहोर व्यवस्थापन प्रणाली विस्तार गरी हरित पर्यटनलाई प्रोत्साहन गर्ने।
- प्रमुख पर्यटकीय गन्तव्यहरुमा एकीकृत (प्रकृति तथा संस्कृतिमा आधारित) दिगो पर्यटन योजना तर्जुमा तथा कार्यान्वयन गरि र सवै पर्यटकीय गन्तव्यलाई कार्बन तटस्थ बनाउन कार्यक्रम तय गरी कार्यान्वयन गर्ने।
- निजी क्षेत्र र समुदायलाई जलवायुमैत्री पर्यटन कार्यक्रम विकास र कार्यान्वयनमा प्रोत्साहन गर्ने।

**रणनीति ३५: हिमाली क्षेत्रको पहिचान, जोखिम र संकटासन्नतालाई सम्बोधन गर्न क्षेत्रीय तथा अन्तराष्ट्रीय साझेदारी विकास गर्ने ।**

**कार्यनीतिहरू:**

- हिमालय, हिमनदी, हिममण्डल (Cryosphere) तथा पर्वतीय पारिस्थितिकीय प्रणालीसम्बन्धी अन्तर्राष्ट्रिय एजेन्डामा नेपालको नेतृत्वदायी भूमिका स्थापित गर्न रणनीति र कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने।
- हिमाल तथा पर्वतीय क्षेत्र तथा आश्रित समुदायको दीर्घकालिन सुरक्षाको लागि समर्पित कोष स्थापना गर्ने ।
- क्षेत्रीय तथा हिन्दूकुश स्तरमा जलाधार व्यवस्थापन, वैज्ञानिक अनुसन्धान, सूचना आदान-प्रदान तथा जलवायु कूटनीतिलाई प्रवर्द्धन गर्ने।
- हिमाली क्षेत्रसम्बन्धी अनुसन्धान, ज्ञान आदान-प्रदान तथा क्षमता अभिवृद्धिका लागि विश्वविद्यालय, अनुसन्धान संस्था, स्थानीय समुदाय, आदिवासी जनजाति, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय साझेदारहरूसँग सहकार्य सुदृढ गर्ने।

## २.५.९. जलवायु वित्तको परिचालन तथा स्थानीयकरणः कार्बनको बजारीकरण सार्वजनिक–निजी लगानीमार्फत स्थानीय जलवायु कार्य प्रवर्द्धन

### नीति

द्विपक्षीय, बहुपक्षीय, विश्वव्यापी, निजी क्षेत्र तथा परोपकारी (Philanthropic) वित्तीय स्रोतहरूमा पहुँच विस्तार, विविधीकरण तथा प्रभावकारी परिचालन गर्न नवप्रवर्तनशील वित्तीय संयन्त्रहरूको उपयोग गर्दै जलवायु वित्तको लाभमा जोखिममा रहेका समुदायको पहुँच सुनिश्चित गर्ने।

### रणनीति तथा कार्यनीतिहरू

**रणनीति ३६ः जलवायु वित्तमा पहुँच विस्तार, विविधीकरण तथा प्रभावकारी परिचालन गर्न आवश्यक नीति र संस्थागत संचरनाको विकास गर्ने।**

**कार्यनीतिहरूः**

- न्यून कार्बन, जलवायु उत्थानशील तथा समावेशी विकासलाई प्रवर्द्धन गर्न द्विपक्षीय, बहुपक्षीय तथा विश्वव्यापी जलवायु वित्तमा पहुँच विस्तार गर्न संस्थागत क्षमता, परियोजना तयारी प्रणाली तथा समन्वय संयन्त्र सुदृढ गर्ने।
- स्वैच्छिक (Voluntary) तथा अनिवार्य (Compliance) कार्बन बजारमा नेपालको सहभागिता विस्तार गर्न आवश्यक नीति, कानुनी तथा नियामकीय व्यवस्था तथा मापन, प्रतिवेदन तथा प्रमाणीकरण (MRV) प्रणाली सुदृढ गर्दै विभिन्न क्षेत्रमा कार्बन वित्तका अवसर विस्तार गर्ने।
- जलवायु वित्तको प्रभावकारी परिचालन तथा स्थानीयकरणका लागि साझा कोष (Pooled Fund), समर्पित जलवायु कोष (Dedicated Climate Fund), राष्ट्रिय जलवायु वित्त संयन्त्र (Country Climate Finance Platform) लगायतका नवीन वित्तीय संयन्त्रहरूको स्थापना, परीक्षण तथा विस्तार गर्ने।
- जलवायु वित्तको प्रभावकारी अनुगमन र मूल्यांकनको लागी जलवायु परिवर्तनको जिम्मेवार निकायमा जलवायु परिवर्तन सम्बन्धी आयोजना, कार्यक्रम र वित्त प्रवाहको अभिलेखीकरण राख्ने र यसको लागी आवश्यक मापदण्ड तयार गरी लागू गर्ने।
- जलवायु वित्त परिचालन, समन्वय, पहुँच, व्यवस्थापन तथा अनुगमनका लागि आवश्यकता अनुसार संस्थागत संरचना तथा विषयगत मन्त्रालय र विज्ञ, निजी क्षेत्रका प्रतिनिधि समावेश भएको अन्तरमन्त्रालय तथा बहुसरोकारवाला समन्वय संयन्त्र गठन गर्ने ।

**रणनीति ३७ः जलवायु वित्तको लाभ सबैभन्दा जोखिममा रहेका समुदायसम्म सुनिश्चित गर्ने ।**

**कार्यनीतिहरूः**

मस्यौदा

- प्रदेश तथा स्थानीय सरकारको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जलवायु वित्तमा पहुँच अभिवृद्धि गर्न कार्यसम्पादनमा आधारित जलवायु उत्थानशील अनुदान (Performance-based Climate Resilience Grant) प्रणाली विकास गर्ने ।
- अन्तर्राष्ट्रिय जलवायु वित्तको कम्तीमा ८० प्रतिशत वित्त स्थानीय तहसम्म पुग्ने व्यवस्था गर्न आवश्यक नीति, मापदण्ड तथा कार्यविधि तयार गरी लागू गर्ने।
- अनुकूलन तथा हानि तथा नोक्सानी सम्बन्धी कार्यक्रमका लागि अनुदानमा आधारित वित्तलाई प्राथमिकता दिँदै अनुदान, सहुलियतपूर्ण वित्त, मिश्रित वित्त (Blended Finance), सामान्यायिक लगानी, प्रत्याभूति, हरित तथा दिगोपन धीतोपत्र लगायतका नवीन वित्तीय स्रोत तथा संयन्त्रहरूको उपयोग विस्तार गर्ने।
- स्थानीय समुदाय, आदिवासी जनजाति केन्द्रित राष्ट्रिय जलवायु कोषको स्थापना गरी, सशर्त अनुदान मार्फत स्थानीय सरकारको र स्थानीय समुदायको पहुँच विस्तार गर्ने।

**रणनीति ३८: जलवायु वित्तको पहुँच, विविधीकरण र परिचालनलाई प्रभावकारी र समावेशी बनाउन राष्ट्रिय मान्यता प्राप्त निकायको क्षमता अभिवृद्धी र निजी क्षेत्रको सहभागिता सुदृढ गर्ने ।**

**कार्यनीतिहरू:**

- राष्ट्रिय स्वामित्व, कार्यकुशलता तथा जलवायु वित्त परिचालनको प्रभावकारिता अभिवृद्धि गर्ने राष्ट्रिय संस्थाहरूको क्षमता तथा मान्यता (Accreditation) प्रणाली सुदृढ गरी विश्वव्यापी जलवायु कोषहरूमा प्रत्यक्ष पहुँच (Direct Access) विस्तार गर्ने।
- अन्तर्राष्ट्रिय, निजी क्षेत्र, विकास साझेदार तथा परोपकारी संस्थाहरूको लगानी आकर्षित गर्न अनुकूल नीति, नियामकीय व्यवस्था तथा लगानीमैत्री वातावरण विकास गरी लगानी जोखिम न्यूनीकरण गर्ने र लगानीकर्ताको विश्वास अभिवृद्धि गर्ने।
- निजी क्षेत्रलाई हरित तथा जलवायु-मैत्री क्षेत्रमा लगानी गर्न प्रोत्साहन गर्न मिश्रित जलवायु वित्त (Blended Climate Finance), हरित धीतोपत्र लगायतका वित्तीय व्यवस्था तथा संयन्त्रहरू विकास र कार्यान्वयन गर्ने।
- न्यून कार्बन प्रविधि, जलवायु उत्थानशील हरित उद्योगमा निजी क्षेत्रको लगानी बढाउन वित्तीय प्रोत्साहन, जोखिम साझेदारी (Risk-sharing) संयन्त्र तथा विविध वित्तीय सहजीकरणका अवसरहरू उपलब्ध गराउने।
- नेपाल हरित वित्त वर्गीकरण प्रणाली (Nepal Green Finance Taxonomy) लागू गर्दै हरित, समावेशी तथा उत्थानशील विकास (GRID) मा निजी क्षेत्रको लगानी आकर्षित गर्न आवश्यक नियामकीय व्यवस्था, मापदण्ड तथा प्रोत्साहन प्रणाली विकास गर्ने।
- कार्बन बजार, REDD+, जैविक विविधता सँग सम्वन्धित वन्ड, पारिस्थितिकीय सेवाका लागि भुक्तानी (PES), ऋण-प्रकृति विनिमय (Nature-for-Debt Swap), हरित तथा दिगोपन धीतोपत्र, जलवायु जोखिम वित्त, संस्थागत सामाजिक उत्तरदायित्व, तथा मिश्रित वित्त (Blended Finance) लगायतका नवप्रवर्तनशील वित्तीय संयन्त्रहरूको उपयोग गरी राष्ट्रिय जलवायु प्राथमिकताका लागि समुदाय केन्द्रित थप स्रोत परिचालन गर्ने।

मस्यौदा

**रणनीति ३९: जलवायु वित्तको परिचालन तथा स्थानीयकरण गर्न संघ, प्रदेश तथा स्थानीय तहको क्षमता अभिवृद्धि गर्ने।**

**कार्यनीतिहरू:**

- जलवायु वित्त रूपरेखा (Climate Finance Framework) प्रभावकारी रूपमा कार्यान्वयन गर्दै संघ, प्रदेश र स्थानीय तहका सबै सार्वजनिक निकायमा जलवायु बजेट कोड लागू गर्ने, बजेट विनियोजन र खर्च दुवैको अभिलेख राख्ने, जलवायु लगानीको प्रभाव मूल्याङ्कन गर्ने तथा राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रतिवेदन प्रणाली सुदृढ गर्ने।
- प्रदेश तथा स्थानीय सरकारको योजना, बजेट, परियोजना विकास, कार्यान्वयन, अनुगमन तथा जवाफदेहिता प्रणाली (Self Performance Evaluation) सुदृढ गर्दै जलवायु वित्तमा पहुँच, व्यवस्थापन तथा उपयोग गर्ने क्षमता अभिवृद्धि गर्ने।
- सार्वजनिक तथा निजी स्रोतबाट जलवायु वित्तमा पहुँच, विविधीकरण र परिचालनका लागि राष्ट्रिय रणनीति तथा कार्ययोजना तर्जुमा गर्ने तथा जलवायु वित्तको प्रभावकारी उपयोगका लागि आवश्यक कार्यप्रणाली, र संस्थागत व्यवस्था गर्ने।

## २.५.१० जलवायु तथ्याङ्क तथा सूचना प्रणाली

**नीति**

संघ, प्रदेश तथा स्थानीय तहका सबै क्षेत्र र निकायमा समयमै, भरपर्दो, गुणस्तरीय तथा सहज रूपमा उपलब्ध हुने जलवायुसम्बन्धी तथ्याङ्क, सूचना तथा ज्ञान प्रणालीको विकास र आधुनिकीकरण गर्दै प्रमाणमा आधारित, पारदर्शी र प्रभावकारी नीति तथा निर्णय प्रक्रियालाई सुदृढ गर्ने।

**रणनीति तथा कार्यनीतिहरू**

**रणनीति ४०: संघ, प्रदेश तथा स्थानीय तहका सबै क्षेत्र र निकायमा समयमै, भरपर्दो, गुणस्तरीय तथा सहज रूपमा उपलब्ध हुने जलवायुसम्बन्धी तथ्याङ्क, सूचना तथा ज्ञान प्रणालीको विकास र आधुनिकीकरण गर्ने।**

**कार्यनीतिहरू:**

- राज्यका सबै तह र मुख्य सामाजिक र आर्थिक क्षेत्र संग सम्बन्धित जलवायु परिवर्तनको परिदृश्य, जोखिम र संकटसन्नताको विश्लेषण र अभिलेखीकरण राख्ने ।
- स्वचालित मौसम मापन केन्द्र, जलप्रवाह (Hydrological) अनुगमन केन्द्र तथा जलवायु अवलोकन प्रणाली स्थापना गरी विशेषतः हिमाली तथा सेवा नपुगेका क्षेत्रमा राष्ट्रिय जल तथा जल तथा मौसमसम्बन्धी मापन केन्द्रहरूको विस्तार तथा आधुनिकीकरण गर्ने।

मस्यौदा

- मौसम राडार प्रणालीको स्तरोन्नति, तथ्याङ्क एकीकरण सन्यत्रको विकास तथा देशव्यापी मौसम सेवाको पहुँच विस्तार गरी मौसम अनुगमन तथा पूर्वानुमान क्षमतालाई सुदृढ गरदै मौसम तथा जलवायु पूर्वअनुमान प्रारूपहरूको थप सरलीकरण गर्ने।
- नेपालका हिमतालहरूको तथ्याङ्क अध्यावधिक मार्फत जोखिमयुक्त तालहरूको पहिचान, जोखिमयुक्त तालहरूको अनुगमनको लागी आवश्यक सूचना प्रणालीको विकाश गरी लागू गर्ने।
- पर्वतारोहण, पदयात्रा, पर्यटन तथा अन्य जलवायु-संवेदनशील क्षेत्रहरूको सुरक्षित सञ्चालनका लागि मौसम तथा जलवायु सूचना सेवाको विश्वसनीयता, पहुँच तथा समयमै उपलब्धता सुनिश्चित गर्न सूचना प्रणाली विकास गर्ने।
- जलवायु समाधानमा संचार क्षेत्रको भूमिकालाई सुदृढ़ गर्दै खोजमूलक तथा अनुसन्धानमा आधारित जलवायु सूचनालाई आम जनमानसमा प्रसारित गर्न योजना सहित कार्यक्रम विकास गरी लागू गर्ने।

**रणनीति ४१ः प्रमाणमा आधारित, पारदर्शी र प्रभावकारी नीति तथा निर्णय प्रक्रियालाई सुदृढ गर्ने।**

**कार्यनीतिहरू:**

- जलवायु परिवर्तनका प्रभाव, प्रवृत्ति तथा जलवायुजन्य जोखिमसम्बन्धी अनुसन्धान, नवप्रवर्तन तथा ज्ञानलाई प्रवर्द्धन गर्न जलवायु अनुसन्धान केंद्र स्थापना गर्ने ।
- मौसम, जलवायु, जलविज्ञान तथा प्रभाव-आधारित सूचनाको विकाश, एकीकरण, आदान-प्रदान तथा उपयोगका लागि जलवायु सूचना सेवा राष्ट्रिय रूपरेखा (National Framework for Climate Information Services-CIS) विकास तथा कार्यान्वयन गर्ने।
- डिजिटल प्रविधि, सामुदायिक सूचना प्रणाली तथा पहुँच (Last-mile Communication) सञ्जालमार्फत देशभर मौसम, जलवायु, जलविज्ञान तथा पूर्वसूचना सेवाको पहुँच विस्तार गर्ने।
- सीमापार (Transboundary) जलवायु तथा जलसम्बन्धी सूचना आदान-प्रदानलाई संस्थागत गर्दै तथ्याङ्क साझेदारी, एकीकरण तथा व्यवस्थापनका लागि प्रभावकारी कानुनी तथा संस्थागत संयन्त्र विकास गर्ने।

**रणनीति ४२ः विपद तथा जलवायु जन्य चरम घटना वाट सिर्जित हानि तथा नोक्शानीको उचित सम्बोधनका लागी संस्थागत क्षमता र संयंत्रको विकास गर्ने।**

**कार्यनीतिहरू:**

- चरम मौसमी घटना तथा जलवायुजन्य विपद्को जोखिम न्यूनीकरण र प्रभावकारी व्यवस्थापनका लागि बहु-जोखिम पूर्वसूचना प्रणाली, विपद् पूर्वतयारी तथा आपतकालीन प्रतिकार्य संयन्त्रलाई सुदृढ गर्ने।
- जल तथा मौसम विज्ञान विभाग (DHM), राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण (NDRRMA), विभिन्न तहका विपद् व्यवस्थापन समितिहरू, युवा स्वयंसेवक

मस्यौदा

तथा सामुदायिक संस्थाहरूको प्राविधिक, संस्थागत तथा व्यवस्थापकीय क्षमता अभिवृद्धि गरी जलवायु सूचना, पूर्वसूचना तथा विपद् व्यवस्थापन प्रणालीलाई सुदृढ गर्ने।

## २.५.११ अनुसन्धान, प्रविधि तथा नवप्रवर्तनमार्फत जलवायु समाधानको प्रवर्द्धन

**नीति**

स्थानीय ज्ञान, अनुसन्धान, प्रविधि तथा नवप्रवर्तनलाई प्रोत्साहन गरी जलवायु परिवर्तनका चुनौतीहरूको दिगो समाधान पहिल्याउने ।

**रणनीति तथा कार्यनीतिहरू**

**रणनीति ४३: समाजका सबै क्षेत्रमा नवप्रवर्तनलाई प्रोत्साहन गरी जलवायु परिवर्तनका चुनौतीहरूको प्रभावकारी, समावेशी र विज्ञानमा आधारित समाधान प्रोत्साहन गर्ने।**

**कार्यनीतिहरू:**

- अनुसन्धानकर्ता, नीतिनिर्माता, उद्योग क्षेत्र तथा समुदायका प्रतिनिधिहरूको सहभागितामा बहुसरोकारावाला जलवायु नवप्रवर्तन कार्यदल (Climate Innovation Taskforce) गठन गरी वैज्ञानिक प्रमाणमा आधारित, व्यावहारिक तथा समावेशी जलवायु समाधानको विकास र कार्यान्वयन गर्ने।
- युवा, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, महिला, बालवालिका, तथा सीमान्तकृत समुदायसहित हरेक गाऊँ र नगर पालिकाहरूमा स्थानीय "जलवायु अनुकूलन अग्रदूत (Adaptation Champions)" तयार गरी स्थानियस्तरमा अनुभव आदान-प्रदान तथा सिकाइ कार्यक्रम सञ्चालन गर्ने।
- हरितगृह ग्यास उत्सर्जन, जलवायु जोखिम, परियोजनाको उपलब्धि तथा प्रविधिको कार्यसम्पादनसम्बन्धी तथ्याङ्क समेट्ने राष्ट्रिय जलवायु तथ्याङ्क तथा सिकाइ प्लेटफर्म (Climate Data and Learning Platform) स्थापना गर्ने।
- जल, स्थल र वायु प्रदूषणवाट सृजित हरितगृह ग्यास उत्सर्जन न्यूनीकरण गर्ने प्रविधि विकास गर्ने।
- महिला समूह, युवा, अपाङ्गता भएका व्यक्ति, आदिवासी जनजाति, तथा न्यून आय भएका समुदायको सहभागितामा स्थानीय आवश्यकता, लागत, प्रयोगमा सहजता, सुरक्षा, समय बचत, पहुँच तथा सांस्कृतिक स्वीकार्यताका आधारमा जलवायु अनुकूल प्रविधिको छनोट र विस्तार गर्ने।

**रणनीति ४४: अनुसन्धान, प्रविधि तथा नवप्रवर्तनमार्फत जलवायु समाधानको उपायहरूलाई स्थानीकरण गर्ने ।**

**कार्यनीतिहरू:**

मस्यौदा

- प्रदेश तथा स्थानीय तहका जलवायु जोखिम, अनुकूलनका विकल्प तथा न्यायपूर्ण रूपान्तरण (Just Transition) लगायत निर्णय प्रक्रियासँग सम्बन्धित अनुसन्धानलाई प्राथमिकता दिने।
- महिला समूह, युवा, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक आदिवासी जनजाति तथा न्यून आय भएका समुदायको सहभागितामा स्थानीय आवश्यकता, लागत, प्रयोगमा सहजता, सुरक्षा, समय बचत, पहुँच तथा सांस्कृतिक स्वीकार्यताका आधारमा जलवायु अनुकूल प्रविधिको छनोट र विस्तार गर्ने।
- महिला, अपाङ्गता भएका व्यक्ति तथा अन्य सीमान्तकृत समुदायको सहभागिता सुनिश्चित गर्दै स्थानीय भाषामा, सबैका लागि पहुँचयोग्य ढाँचामा (दृश्य सामग्री, रेडियो, सांकेतिक भाषा, ठूला अक्षर तथा सरल चित्रात्मक सामग्री सहित) जलवायुसम्बन्धी तालिम तथा जनचेतना कार्यक्रम सञ्चालन गर्ने ।
- कृषि क्षेत्र, शहरी बस्ती तथा अन्य स्थानहरूमा महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिका लागि सहज, सुरक्षित र पहुँचयोग्य जलवायु अनुकूलन प्रदर्शन केन्द्र (Climate Adaptation Demonstration Sites) स्थापना गर्ने ।

**रणनीति ४५: अध्ययन तथा अनुसन्धान मार्फत जलवायुजन्य हानि नोक्शानीको तथ्याङ्क संकलन र पंजीकरण गर्ने ।**

**कार्यनीतिहरू:**

- जलवायु प्रवृत्ति तथा परिदृश्य विश्लेषण (Climate Trend and Scenario Analysis), जलवायु जोखिम तथा संवेदनशीलता मूल्याङ्कनलाई नियमित रूपमा अद्यावधिक गर्ने तथा भौगोलिक क्षेत्र, प्रशासनिक तह, क्षेत्रगत प्रणाली, पारिस्थितिकीय क्षेत्र तथा स्थानीय तहसम्म जलवायु जोखिम प्रोफाइल तयार गरी योजना निर्माणमा उपयोग गर्ने।
- जलवायुजन्य विपदका घटना, क्रमिक रूपमा विकसित हुने (Slow-onset) जलवायु प्रभाव, हिममण्डल (Cryosphere), हिमनदीको सन्तुलन (Glacier Mass Balance), तथा क्षेत्रगत आर्थिक र गैर-आर्थिक हानि-नोक्सानी, साथै श्रृखंलावद्ध (Cascading) तथा अंतरसम्बन्धित (Compounding) जोखिमसम्बन्धी अनुसन्धानलाई सुदृढ गर्ने।
- जलवायु परिवर्तनसम्बन्धी अध्ययन, अनुसन्धान, तालिम सामग्री, असल अभ्यास, सिकाइ तथा नवप्रवर्तनलाई व्यवस्थित रूपमा सङ्कलन, अभिलेखीकरण, प्रकाशन तथा आदान-प्रदान गर्न राष्ट्रिय जलवायु ज्ञान व्यवस्थापन प्रणाली (Climate Knowledge Management System) थप सुदृढ गरी सञ्चालन गर्ने।
- विश्वविद्यालय, प्राविधिक शिक्षालय, तालिम संस्था तथा उद्योगसँग सहकार्य गरी सौर्य ऊर्जा जडान, भवन पुनः सुदृढीकरण (Retrofitting), जलवायु तथ्याङ्क विश्लेषण लगायत हरितसीप (Green Skills) सम्बन्धी तालिम तथा क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने।

मस्यौदा

## २.५.१२  जलवायु न्याय सहितको युवा नेतृत्व तथा समावेशी रूपान्तरण

**नीति**

युवा, महिला तथा किशोरी, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, आदिवासी जनजाति तथा स्थानिय समुदाय श्रमिक, मजदुर तथा अन्य जोखिममा रहेका समुदायको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्दै अन्तरपुस्तीय समानता (Intergenerational Equity) का सिद्धान्तमा आधारित न्यायपूर्ण जलवायु रूपान्तरणलाई प्रवर्द्धन गर्ने।

**रणनीति तथा कार्यनीतिहरू**

**रणनीति ४६ः युवा, महिला तथा किशोरी, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, श्रमिक, मजदुर तथा अन्य जोखिममा रहेका समुदायको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने।**

**कार्यनीतिहरू:**

- सबै स्थानीय तहमा युवा जलवायु च्याम्पियन वा उपयुक्त युवा संयन्त्रको विकास  गरी जलवायु कार्यको प्रभावकारी कार्यान्वयनमा परिचालन गर्ने।
- जलवायु सशक्तीकरणका लागि कार्य (Action for Climate Empowerment-ACE) तथा लिमा कार्यक्रम (Lima Work Programme on Gender) तथा बेलम लैगिक कार्ययोजना (Belem Gender Action Plan) का प्रावधानहरूलाई राष्ट्रिय नीति तथा कार्यक्रममा समावेश गर्दै **महिला तथा किशोरी, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक,** आदिवासी जनजाति, **श्रमिक, मजदुर,** युवा तथा सीमान्तकृत समुदायको नेतृत्वमा हुने नवप्रवर्तन तथा जलवायु कार्यलाई प्रोत्साहन गर्ने।
- उच्च उत्सर्जन हुने क्षेत्रमा कार्यरत श्रमिकलाई हरित रोजगारीतर्फ रूपान्तरण गर्न पुनःतालिम, सीप विकास तथा सामाजिक सुरक्षासहितको राष्ट्रिय न्यायपूर्ण रूपान्तरण मार्गचित्र (National Just Transition Roadmap) तयार गरी कार्यान्वयन गर्ने।
- युवा, बालबालिका, महिला, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, आदिवासी जनजाति, तथा सीमान्तकृत समूहको नेतृत्व विकास, क्षमता अभिवृद्धि तथा निर्णय प्रक्रियामा अर्थपूर्ण सहभागिता सुनिश्चित गर्दै, बहुआयामिक अन्तरसम्बन्ध (Intersectionality) को विश्लेषणका आधारमा उनीहरूलाई जलवायु कार्यका प्रमुख साझेदारका रूपमा सशक्त बनाउन योजना सहित कार्यक्रम विकास गरी लागू गर्ने।

**रणनीति ४७ः युवा, महिला, लैगिंक तथा यौनिक अल्पसंख्यक, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति तथा अन्य जोखिममा रहेका समुदाय केन्द्रित हरित सिप र रोजगारीको प्रत्याभूति गर्ने।**

**कार्यनीतिहरू:**

मस्यौदा

- जीविकोपार्जन तथा रोजगारीमा हुने असर न्यूनीकरण गर्न महिला, दलित, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति तथा अन्य जोखिममा रहेका समुदायका लागि विशेष संरक्षणसहित सामाजिक सुरक्षा, पुनःसीप विकास (Reskilling) तथा रोजगारी रूपान्तरणका कार्यक्रम सञ्चालन गर्ने।
- प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (CTEVT) तथा निजी क्षेत्रसँगको सहकार्यमा प्रमाणित हरित सीप (Certified Green Skills) तालिम कार्यक्रम सञ्चालन गरी विशेषगरी युवा, महिला, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति तथा जोखिममा रहेका युवालाई प्राथमिकताका साथ सीप विकास तथा रोजगारीमा आबद्ध गर्ने।
- युवा लक्षित हरित रोजगारी तथा उद्यमसिलताको प्रवर्धन (start up grant तथा Consessional Loan सहूलियतपूर्ण ब्याजदरमा ऋण) को लागि हरित युवा नवप्रवर्तन कोष स्थापना गरी लागु गर्ने।
- नवीकरणीय ऊर्जाको पहुँच, जलवायु उत्थानशील कृषि, खानेपानी तथा जलस्रोत व्यवस्थापन क्षेत्रमा महिला नेतृत्वका सहकारी तथा वन उद्यमहरूको विकास र विस्तारलाई प्रोत्साहन गर्ने।

**रणनीति ४८: युवा, महिला, लैगिंक तथा यौनिक अल्पसंख्यक, आदिवासी जनजाति तथा स्थानिय समुदाय, अपाङ्गता भएका व्यक्ति तथा अन्य जोखिममा रहेका समुदाय केन्द्रित जलवायु वित्तको सुनिश्चिता गर्ने।**

**कार्यनीतिहरू:**

- स्थानीय तहमा युवा नेतृत्वमा सञ्चालन हुने जलवायु अनुकूलन तथा न्यूनीकरण कार्यक्रमका लागि सरल, पारदर्शी तथा सबैका लागि पहुँचयोग्य आवेदन प्रक्रियासहित अनुदान कार्यक्रम स्थापना गरी कार्यान्वयन गर्ने।
- स्थानीय अनुकूलन कार्ययोजना (LAPA) लगायत स्थानीय विकासका योजनाहरूमा लैङ्गिक आधारमा वर्गीकृत तथ्याङ्क, बहुआयामिक अन्तरसम्बन्धको विश्लेषण, अपाङ्गतामैत्री पूर्वाधार तथा महिला, दलित, सीमान्तकृत समुदाय, **लैगिंक तथा यौनिक अल्पसंख्यक, आदिवासी जनजाति तथा स्थानिय समुदाय** तथा जोखिमयुक्त परिवारका लागि लक्षित बजेट अनिवार्य रूपमा समावेश गर्ने।
- संघ, प्रदेश तथा स्थानीय तहका सबै जलवायुसम्बन्धी बजेटमा वार्षिक जलवायु तथा GEDSI लेखापरीक्षण (Climate and GEDSI Audit) सञ्चालन गरी प्राप्त सिफारिसहरूको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्ने।

## २.५.१३. शिक्षा, जनचेतना, सीप विकास तथा सिकाइमार्फत जलवायु सशक्तीकरण

**नीति**

मस्यौदा

बालबालिका र युवाको जलवायु कार्यमा प्रभावकारी र अर्थपूर्ण सहभागीताको लागि जलवायु परिवर्तनसम्बन्धी शिक्षा, जनचेतना, जलवायु संचार, सीप विकास, अनुसन्धान तथा ज्ञान व्यवस्थापनलाई सुदृढ गर्ने।

**रणनीति तथा कार्यनीतिहरू**

**रणनीति ४९: बालबालिका र युवालाई जलवायु परिवर्तनसम्बन्धी ज्ञान, सीप र क्षमता विकास गर्ने ।**

**कार्यनीतिहरू:**

- विद्यालय, प्राविधिक शिक्षा तथा उच्च शिक्षाका पाठ्यक्रमहरूमा जलवायु परिवर्तन, विपद् जोखिम न्यूनीकरण तथा दिगो विकाससम्बन्धी विषयवस्तुलाई समावेश तथा सुदृढ गर्ने ।
- हरित विद्यालय व्यवस्थापन मापदण्डलाई सबै स्थानीय तहमा समायोजन गरी लागु गर्ने.
- जलवायु परिवर्तनसम्बन्धी जनचेतना अभिवृद्धिका लागि सञ्चारमाध्यम, डिजिटल प्लेटफर्म, सामुदायिक सञ्जाल तथा स्थानीय अभियानमार्फत सूचना प्रवाह विस्तार गर्ने ।
- संघ, प्रदेश तथा स्थानीय सरकार, निजी क्षेत्र, शैक्षिक संस्था तथा सामुदायिक सङ्गठनहरूको जलवायु परिवर्तन व्यवस्थापनसम्बन्धी संस्थागत क्षमता अभिवृद्धि गर्ने ।
- हरित विद्यालयसम्बन्धी मार्गदर्शनलाई अद्यावधिक गरि विद्यालयहरूले गुणस्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता (WASH) सुविधासहित हरित विद्यालयका लागि कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गर्ने।
- जलवायुजन्य विपद्का बेला सिकाइ निरन्तरताका लागि वैकल्पिक सिकाइ मोडालिटी, आपतकालीन शिक्षा योजना, डिजिटल सिकाइ र विद्यालय सुरक्षा मापदण्ड लागु गर्ने ।
- शिक्षा क्षेत्रलाई बहुपक्षीय जलवायु कोष (GCF, Adaptation Fund, GEF/LDCF लगायत) मा पहुँच सुनिश्चित गर्न आवश्यक जलवायु औचित्य विकास, प्रस्ताव तयारी, संस्थागत क्षमता अभिवृद्धि र तयारी (Readiness) का लागि सहयोग उपलब्ध गराउने र शिक्षा क्षेत्रका लागि जलवायु वित्त रोडम्याप तथा लगानी पाइपलाइन विकास गर्ने ।

**रणनीति ५०: अनुकूलन र न्यूनीकरणमा स्थानीय तथा परम्परागत ज्ञान, स्रोत, साधनको प्रयोगलाई प्रवर्धन गर्ने।**

**कार्यनीतिहरू:**

- स्थानीय तथा परम्परागत ज्ञानको संरक्षण, अभिलेखीकरण गर्दै जलवायु अनुकूलन र प्राकृतिक स्रोत व्यवस्थापनमा उपयोग गर्ने।
- मौसम पूर्वानुमान, जलवायु सूचना, पूर्वसूचना प्रणाली तथा जोखिमसम्बन्धी जानकारीलाई सरल, बालबालिका तथा युवामैत्री, अपांगता भएका व्यक्ती हरु समेतका लागि पहुँचयोग्य तथा स्थानीय भाषामा समेत सार्वजनिक माध्यमबाट प्रचार प्रसार गर्ने ।

मस्यौदा

- जलवायु परिवर्तनसम्बन्धी सूचना तथा सिकाइ सामग्री स्थानीय भाषा, सांकेतिक भाषा, श्रव्य-दृश्य सामग्री तथा अन्य पहुँचयोग्य ढाँचामा विकास र प्रसार गर्ने ।
- सञ्चारमाध्यम, नागरिक समाज, शैक्षिक संस्था तथा निजी क्षेत्रसँगको सहकार्यमा जलवायु परिवर्तनसम्बन्धी नियमित जनचेतना अभियान सञ्चालन गर्दै विज्ञानमा आधारित सूचना प्रवाह, तथा सार्वजनिक संवादलाई प्रवर्द्धन गर्ने।
- परम्परागत, आदिवासी तथा स्थानीय अनुकूलन र न्यूनीकरणसम्बन्धी ज्ञान तथा सांस्कृतिक सम्पदाका पक्षहरू समेत समेटी जलवायु परिवर्तनसम्बन्धी ज्ञानलाई स्थानीय तहको पाठ्यक्रममा पूर्ण रूपमा समावेश गर्ने।

### २.५.१४ जलवायु कूटनीति तथा नेतृत्व

**नीति**

द्विपक्षीय, क्षेत्रीय, अन्तरराष्ट्रिय तथा बहुपक्षीय मञ्चहरूको प्रभावकारी उपयोग गरी नेपालको राष्ट्रिय जलवायु प्राथमिकतालाई प्रवर्द्धन गर्ने, पर्वतीय (Mountain) एजेन्डा र राष्ट्रिय हितका विषयहरूलाई विश्वव्यापी स्तरमा स्थापित गर्ने अन्तर्राष्ट्रिय जलवायु प्रक्रिया र मञ्चहरूमा नेपालको प्रभावकारी सहभागिता, अर्थपूर्ण पैरबी र नेतृत्व सुनिश्चित गर्ने।

**रणनीति तथा कार्यनीतिहरू**

**रणनीति ५१: पक्षीय, क्षेत्रीय, अन्तरराष्ट्रिय तथा बहुपक्षीय मञ्चहरूको अधिकतम उपयोग गरी नेपालको राष्ट्रिय जलवायु प्राथमिकतालाई प्रवर्द्धन गर्ने, पर्वतीय (Mountain) एजेन्डा र राष्ट्रिय हितका विषयहरूलाई अन्तर्राष्ट्रिय स्तरमा स्थापित गर्ने ।**

**कार्यनीतिहरू:**

- हिमनदी, हिममण्डल (Cryosphere), पर्वतीय संस्कृति तथा संवेदनशील हिमाली पारिस्थितिकीय प्रणालीको संरक्षणलाई प्राथमिकतामा राख्दै नेपालको पर्वतीय विषय (Mountain Agenda), सगरमाथा संबाद र अन्य निष्कर्ष लगायत अन्य राष्ट्र हितका विषयहरुलाइ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा सशक्त रूपमा पैरबी गर्ने।
- हिमाली पारिस्थितिकीय प्रणाली तथा जलवायु जोखिमका मुद्दालाई अन्तर्राष्ट्रिय एजेन्डामा प्रभावकारी रूपमा उठाउन र जलवायु वित्तीय संयन्त्रहरूमा पर्वतीय राष्ट्र तथा समुदायको हित सुनिश्चित गर्न वार्ता टोली तथा कार्यदल गठनका लागि कार्यविधि तयार गर्ने।
- विपद् जोखिम न्यूनीकरण तथा प्रतिकार्य, नवीकरणीय तथा स्वच्छ ऊर्जा सहयोग, नदी तथा जलाधार व्यवस्थापन, तथा जलवायु, जल तथा मौसमसम्बन्धी सूचना, तथ्याङ्क र पूर्वसूचनाको नियमित आदान-प्रदानका लागि छिमेकी तथा समान सोच भएका मुलुकहरूसँग क्षेत्रीय तथा अन्तर्राष्ट्रिय सहकार्य र रणनीतिक साझेदारी सुदृढ गर्ने।

**रणनीति ५२ः जलवायु वित्त, प्रविधि हस्तान्तरण तथा क्षमता अभिवृद्धिका लागि अन्तर्राष्ट्रिय सहयोग परिचालन गर्ने तथा संयुक्त राष्ट्रसंघ (UN) लगायत अन्य अन्तर्राष्ट्रिय जलवायु प्रक्रिया र मञ्चहरूमा नेपालको प्रभावकारी सहभागिता र नेतृत्व सुनिश्चित गर्ने।**

**कार्यनीतिहरू:**

- अन्तर्राष्ट्रिय सार्वजनिक जलवायु वित्त, मिश्रित वित्त (Blended Finance) तथा निजी क्षेत्रको लगानीमा पहुँच विस्तार गर्दै विशेषगरी हिमाली समुदाय तथा जोखिममा रहेका समूहलाई लाभ पुग्ने कार्यक्रमलाई कार्यान्वयन गर्ने।
- जलवायु न्याय, प्रविधि हस्तान्तरण, क्षमता अभिवृद्धि तथा सहुलियतपूर्ण वित्तीय सहयोग (Concessional Finance) विस्तारका लागि अन्तर्राष्ट्रिय वार्ता तथा सहकार्यलाई सुदृढ गर्ने।
- जलवायु उत्थानशील विकास, हरित प्रविधि, प्रकृतिमा आधारित समाधान (Nature-based Solutions) तथा पर्वतीय क्षेत्रका लागि उपयुक्त अनुकूलन तथा न्यूनीकरण उपायहरूको विकास र विस्तारका लागि मित्रराष्ट्र, अन्तर्राष्ट्रिय संस्था तथा विश्वव्यापी सञ्जालहरूसँग ज्ञान, प्रविधि, अनुसन्धान तथा नवप्रवर्तनमा सहकार्य विस्तार गर्ने।
- नेपाल निम्न-मध्यम आययुक्त राष्ट्र (Lower Middle-Income Country) मा स्तरोन्नति हुँदा जलवायु वित्त तथा अन्तर्राष्ट्रिय सहकार्यमा पर्ने प्रभावलाई दृष्टिगत गरी आवश्यक तयारी गर्ने।
- रणनीति ५३ः जलवायु न्यायको मुद्दालाई राष्ट्रीय, क्षेत्रिय, स्थानीय र अन्तराष्ट्रीय स्तरमा पैरबी गर्ने ।
- कार्यनीतिहरू:
- जलवायु न्याय (Climate Justice) का सिद्धान्त , क्षेत्रिय, र अन्तराष्ट्रीय मानव अधिकार संबन्धी अदालतको मार्गनिर्देशन अनुसार सबै क्षेत्रको सहभागितामा पैरबी रणनीति र योजना तयार गरी कार्यान्वयन गर्ने ।
- जलवायु न्याय (Climate Justice) सम्बन्धी बहुसरोकारवाला संवाद र छलफललाई राष्ट्रीय, क्षेत्रिय, र स्थानीय स्तरमा संचालन गर्ने ।

मस्यौदा

## २.५.१५ जलवायु सुशासन

**नीति**

संघ, प्रदेश तथा स्थानीय सरकार, नागरिक समाज, निजी क्षेत्र तथा अन्य सरोकारवालाहरूको भूमिका र जिम्मेवारी स्पष्ट गर्दै प्रभावकारी समन्वय तथा सहकार्यलाई प्रवर्द्धन गर्ने र पारदर्शी, नतिजामुखी अनुगमन, मूल्याङ्कन, प्रतिवेदन तथा सिकाइ प्रणालीमार्फत जलवायु सुशासन सुनिश्चित गर्ने।

## रणनीति तथा कार्यनीतिहरू

**रणनीति ५४: संघ, प्रदेश तथा स्थानीय सरकार, नागरिक समाज, निजी क्षेत्र तथा अन्य सरोकारवालाहरूको भूमिका र जिम्मेवारी स्पष्ट गर्दै, संस्थागत संरचना सुदृढ गर्ने, प्रभावकारी समन्वय तथा सहकार्यलाई प्रवर्द्धन गर्ने ।**

- संघ, प्रदेश तथा स्थानीय सरकार, सार्वजनिक निकाय, नागरिक समाज, निजी क्षेत्र तथा अन्य सरोकारवालाहरूको जलवायु परिवर्तनसम्बन्धी भूमिका, अधिकार, जिम्मेवारी तथा जवाफदेहिता स्पष्ट रूपमा निर्धारण गर्ने।
- संघ, प्रदेश तथा स्थानीय सरकारमा समावेशी जलवायु सुशाशनको प्रत्याभूति गर्न युवा, महिला, आदिबासी जनजाति, संचार जगत, अपांगता भएका व्यक्ति, अल्पसंख्यक समुदाय सम्मिलित संयन्त्र निर्माण गरी कार्यान्वयन गर्ने।
- वातावरण संरक्षण तथा जलवायु परिवर्तन परिषद् को सचिवालयलाई पूर्ण रूपमा सञ्चालनमा ल्याई जलवायु परिवर्तनसम्बन्धी राष्ट्रिय एजेन्डामा उच्चस्तरीय राजनीतिक नेतृत्व तथा स्वामित्व सुनिश्चित गर्ने।
- सम्बन्धित सबै संघीय मन्त्रालय, प्रदेश मन्त्रालय तथा स्थानीय तहमा जलवायु परिवर्तन इकाई (Climate Change Focal Unit) स्थापना गर्ने ।
- संघ, प्रदेश, स्थानीय सरकार, संचार क्षेत्र, युवा, नागरिक समाज, निजी क्षेत्र तथा अन्य सरोकारवालाको सहभागितामा राष्ट्रिय जलवायु समन्वय संयन्त्र (Country-led Climate Platform) स्थापना गरी जलवायु योजना तथा कार्यक्रमहरूको समन्वय, कार्यान्वयन, सहकार्य तथा दोहोरोपन न्यूनीकरण गर्ने।
- राष्ट्रिय अनुकूलन योजना (NAP), राष्ट्रिय निर्धारित योगदान (NDC) तथा अन्य राष्ट्रिय नीति तथा योजनासँग समन्वय हुने गरी संघ, प्रदेश तथा स्थानीय तहका नीति, आवधिक तथा वार्षिक योजनाहरूमा जलवायु परिवर्तन अनुकूलन, न्यूनीकरण तथा हानि-नोक्सानीका प्राथमिकताहरू समावेश गर्ने तथा साझा सूचक र स्पष्ट कार्यान्वयन जिम्मेवारी निर्धारण गर्ने।
- संघीय संसद तथा प्रदेश सभाका सम्बन्धित समितिहरू र औपचारिक तथा अनौपचारिक संसदीय छलफलहरूमा जलवायु परिवर्तनका विषयलाई संस्थागत रूपमा समावेश गर्ने।
- नेपाल कृषि, वन तथा पर्यावरण सेवाको संरचनामा जलवायु परिवर्तनलाई छुट्टै समूह (Additional Group) का रूपमा समावेश गर्दै स्थानीय तहमा पर्याप्त दक्ष जनशक्ति सुनिश्चित गर्ने। यसका लागि (i) जलवायु तथा वातावरणसम्बन्धी पद वा संपर्क व्यक्ति तोक्ने, (ii) स्पष्ट कार्यविधि (Job Description) तयार गर्ने, तथा (iii) नियमित तालिम र प्राविधिक सहयोग उपलब्ध गर्ने।
- जलवायु-उत्थानशील विकासप्रति राजनीतिक दलहरूलाई सचेत र प्रतिबद्ध बनाउन नियमित अन्तरक्रिया तथा नीतिगत संवादमार्फत जलवायु परिवर्तनको मुद्दालाई राजनीतिक तहमा समावेशीकरण तथा प्राथमिकता सुनिश्चित गर्ने।

मस्यौदा

**रणनीति ५५: पारदर्शी, नतिजामुखी अनुगमन, मूल्याङ्कन, प्रतिवेदन तथा सिकाइ प्रणालीमार्फत एकीकृत र प्रभावकारी जलवायु सुशासन सुनिश्चित गर्ने।**

- सबै स्थानीय तह मा जलवायु बजेट कोड प्रणाली लागू गर्ने तथा जलवायुसम्बन्धी वार्षिक बजेट खर्चको राष्ट्रिय प्रतिवेदन प्रणाली विकास र सञ्चालन गर्ने।
- जलवायु कार्यक्रमको प्रगति, जलवायु वित्तको परिचालन र प्रभावकारिता सम्बन्धी उपलब्धि तथा सिकाइको नियमित अभिलेखीकरणका लागि अनुगमन, प्रतिवेदन, प्रमाणीकरण तथा सिकाइ (MRVL) सम्बन्धी राष्ट्रिय डिजिटल प्रणाली विकास गर्ने।
- संघ, प्रदेश तथा स्थानीय सरकारका संस्थागत प्रणाली, जनशक्ति, प्राविधिक क्षमता तथा कार्यान्वयन संयन्त्र सुदृढ गर्न क्षमता विकास कार्यक्रम तथा पर्याप्त बजेट व्यवस्था गर्ने।
- जलवायु परिवर्तनसम्बन्धी वार्षिक प्रतिवेदन प्रकाशन गरी कार्यान्वयन भएका कार्यक्रम, उपलब्धि, परिचालित स्रोत (मानव स्रोतसहित) तथा सिकाइलाई सार्वजनिक गर्ने।
- सार्वजनिक सुनुवाई, संचार वहस, अनुगमन मूल्यांकन, तथा अनलाइन पृष्ठपोषण प्रणालीमार्फत जलवायु नीति निर्माण तथा कार्यान्वयनमा पारदर्शिता, उत्तरदायित्व र निरन्तर सुधारको अभ्यासलाई संस्थागत गर्ने।

मस्यौदा

# परिच्छेद ३: नीति कार्यान्वयन

## ३.१. संस्थागत व्यवस्था

यस नीति अनुसार संघीय मंत्रालयहरू, प्रदेश तथा स्थानीय सरकारले कार्यान्वयन गर्ने कार्यक्रमहरू सम्बन्धित प्रदेश तथा स्थानीय तहले आफ्नो नीति, कानुन, योजना तथा कार्यक्रमहरूमा समावेश गरी कार्यान्वयन गर्न सक्नेछन्। यस नीतिको प्रभावकारी कार्यान्वयनका लागि संघ, प्रदेश तथा स्थानीय सरकारका साथै नागरिक समाज, युवा, निजी क्षेत्र तथा अन्य सम्बन्धित सरोकारवालाहरूको भूमिका निम्नानुसार हुनेछ।

### ३.१.१ संघीय सरकारको भूमिका

*(संघीय मन्त्रालय, विभाग तथा सम्बन्धित सरकारी निकायहरू)*

- यस नीतिअनुरूप आवश्यक कानुन, मापदण्ड तथा निर्देशिकाहरू तर्जुमा गरी कार्यान्वयन गर्ने वा गराउने।
- विषयगत मन्त्रालयहरूमा जलवायु परिवर्तनको क्षेत्रमा कार्यक्रम कार्यान्वयन, समन्वय, र सहकार्य गर्नको लागि जलवायु शाखा स्थापना गर्ने।
- वार्षिक, पञ्चवर्षीय योजना तथा जलवायु परिवर्तनसम्बन्धी सबै विकास तथा क्षेत्रगत नीति, योजना र कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्ने।
- जलवायु जोखिमको क्रमिक व्यवस्थापनमा मात्र सीमित नभई रूपान्तरणकारी अनुकूलन (Transformational Adaptation) र हानि नोक्शानीको कार्यक्रमलाई राष्ट्रिय विकास योजना, क्षेत्रगत नीति तथा संघीय, प्रादेशिक र स्थानीय तहको योजना प्रक्रियामा मूलप्रवाहीकरण गर्ने।
- राष्ट्रिय रूपमा निर्धारित योगदान (NDC) सँग अनुरूप रही राष्ट्रिय अनुकूलन लक्ष्य तथा NDC लक्ष्यहरू हासिल गर्दै समावेशी र न्यायोचित संक्रमण सुनिश्चित गर्न, सन् २०४५ सम्म सम्म खुद शून्य उत्सर्जन हासिल गर्ने कानुनी मार्गहरू निर्धारण गर्ने।
- उत्सर्जन सूचीकरण तथा अनुकूलन प्रगतिलाई पारदर्शी रूपमा अनुगमन गर्न सुदृढ मापन, प्रतिवेदन तथा प्रमाणीकरण (MRV) प्रणाली स्थापना गरी लागू गर्ने।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्डअनुसार जलवायु परिवर्तनसम्बन्धी कार्यक्रम तथा परियोजनाहरू विकास गरी कार्यान्वयन गर्ने वा गराउने।
- द्विपक्षीय, बहुपक्षीय तथा अन्तर्राष्ट्रिय जलवायु वित्तमा पहुँच विस्तार गर्ने, राष्ट्रिय स्रोतहरूको पहिचान गरी तिनको प्रभावकारी परिचालन गर्ने।
- सरकारका सबै तह तथा समाजका सबै क्षेत्रमा जलवायु परिवर्तनको मूलप्रवाहीकरण (Mainstreaming) सुनिश्चित गर्ने।

मस्यौदा

- प्रदेश तथा स्थानीय सरकारलाई जलवायु नीति तथा योजनाको कार्यान्वयनका लागि आवश्यक प्राविधिक, वित्तीय तथा क्षमता विकाससम्बन्धी सहयोग उपलब्ध गराउने।
- राष्ट्रियस्तरमा अध्ययन, अनुसन्धान तथा तथ्याङ्क अद्यावधिक गर्ने, जोखिम तथा संकटासन्नाता र हानि नोक्शानीको विश्लेषण, राष्ट्रिय प्रतिवेदन तयार गरी सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायमा पेश गर्ने।
- राष्ट्रिय कार्बन दर्ता प्रणाली (Carbon Registry) विकास गर्ने तथा कार्बन व्यापारका लागि आवश्यक समन्वय र सहजीकरण गर्ने।
- पेरिस सम्झौताको धारा ६ अन्तर्गत अन्तर्राष्ट्रिय कार्बन बजार संयन्त्रमा सहभागितासम्बन्धी प्रावधानहरू कार्यान्वयन गर्ने तथा राष्ट्रिय सन्दर्भ स्तर र लेखाङ्कन मापदण्डहरू निर्धारण गरी लागू गर्ने।
- जलवायु न्याय, पर्वतीय मुद्दा तथा नेपालका अन्य राष्ट्रिय प्राथमिकताका विषयमा क्षेत्रीय तथा अन्तर्राष्ट्रिय नेतृत्व तथा पैरवी गर्ने।
- जलवायु परिवर्तनसम्बन्धी अन्तर्राष्ट्रिय मञ्च, सम्मेलन तथा वार्ता प्रक्रियामा नेपालको सहभागिता सुनिश्चित गर्दै आवश्यक समन्वय गर्ने।

## ३.१.२ प्रदेश सरकारको भूमिका

*(प्रदेश सरकारअन्तर्गतका मन्त्रालय, विभाग तथा सम्बन्धित निकायहरू)*

- यस नीतिअनुरूप प्रदेशस्तरीय नीति, मापदण्ड, निर्देशिका तथा योजनाहरू तर्जुमा गरी कार्यान्वयन गर्ने।
- यस नीतिअनुरूप प्रदेशस्तरीय जलवायु परिवर्तन नीति निर्माण र कार्यान्वयन गर्न संस्थागत संरचना र जनशक्ति निर्माण गर्ने।
- अन्तर-निकाय तथा सरोकारवालाबीच प्रभावकारी समन्वयका लागि आवश्यक संस्थागत संयन्त्र स्थापना तथा परिचालन गर्ने।
- प्रदेशका विकास नीति, आवाधिक योजना तथा कार्यक्रमहरूमा जलवायु परिवर्तनका प्राथमिकताहरू मूलप्रवाहीकरण गर्दै सबै सम्बन्धित निकाय र सरोकारवालाबीच समन्वित कार्यान्वयन सुनिश्चित गर्ने।
- स्थानीय तहलाई जलवायु परिवर्तनको मूलप्रवाहीकरण, प्राथमिकताप्राप्त कार्यक्रमको कार्यान्वयन, क्षमता विकास तथा वित्तीय सहयोग उपलब्ध गर्ने।
- जलवायु जोखिमयुक्त क्षेत्र, समुदाय तथा संवेदनशील भूभागको पहिचान गर्न आवश्यक अध्ययन, अनुसन्धान, जोखिम मूल्याङ्कन, नक्साङ्कन तथा योजना तयार गरी स्थानीय सन्दर्भअनुकूल जलवायु समाधान विकास गर्ने।
- प्रदेशस्तरीय जलवायु तथ्याङ्क, सूचना प्रणाली, अनुगमन तथा सिकाइ प्रणाली विकास तथा सञ्चालन गर्ने।

मस्यौदा

- प्रदेश सरकारको अधिकार क्षेत्रभित्र पर्ने जलवायु परिवर्तन न्यूनीकरण, अनुकूलन, हानि तथा नोक्सानी व्यवस्थापन तथा अन्य जलवायु उत्थानशील कार्यक्रम सम्बन्धित निकायसँग समन्वय गरी कार्यान्वयन गर्ने।
- प्रदेशभित्र सञ्चालन भएका जलवायु परिवर्तनसम्बन्धी कार्यक्रम तथा परियोजनाको नियमित अनुगमन तथा मूल्याङ्कन गर्ने।
- संघीय तथा स्थानीय सरकारसँग समन्वय गरी जलवायु परिवर्तनसम्बन्धी कार्यक्रम तथा परियोजनाको योजना, कार्यान्वयन तथा अनुगमन गर्ने।
- प्रदेशस्तरीय तथ्याङ्क अद्यावधिक गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिवेदनका लागि संघीय सरकारलाई उपलब्ध गर्ने।
- प्रदेश तथा स्थानीय तहका सरकारी निकाय, नागरिक समाज तथा निजी क्षेत्रबीच जलवायु परिवर्तनसम्बन्धी समन्वय तथा सहकार्यलाई सुदृढ गर्न आवश्यक सन्यंत्र निर्माण गरी लागू गर्ने।

### ३.१.३ स्थानीय सरकारको भूमिका

*(स्थानीय तहअन्तर्गतका सबै निकाय तथा संस्थाहरू)*

- यस नीतिअनुरूप स्थानीय नीति, मापदण्ड, निर्देशिका तथा योजनाहरू तर्जुमा गरी कार्यान्वयन गर्ने वा गराउने।
- यस नीतिअनुरूप स्थानीय स्तरमा जलवायु परिवर्तन नीति निर्माण र कार्यान्वयन गर्न संस्थागत संरचना र जनशक्ति निर्माण गर्ने।
- स्थानीय अनुकूलन, न्यूनीकरण, स्वच्छ ऊर्जा प्रवर्धन र जलवायु जन्य विपदको सामना गर्न स्थानीय स्रोतको परिचालन गर्ने तथा बाह्य स्रोतको पहुँचको लागी पहल गर्ने।
- स्थानीय तहभित्र विभिन्न निकाय तथा सरोकारवालाबीच प्रभावकारी समन्वयका लागि आवश्यक संस्थागत संयन्त्रको विकास तथा परिचालन गर्ने।
- जलवायु जोखिमयुक्त क्षेत्र, जोखिममा रहेका समुदाय तथा समूहहरूको पहिचान गर्न आवश्यक अध्ययन, अनुसन्धान, जोखिम मूल्याङ्कन, नक्साङ्कनको आधारमा जलवायु प्रोफाइल तथा योजना तयार गरी स्थानीय आवश्यकता र सन्दर्भ अनुकूल जलवायु परिवर्तनसम्बन्धी कार्यक्रम विकास तथा कार्यान्वयन गर्ने।
- संघ तथा प्रदेश सरकार, गैरसरकारी संस्था, निजी क्षेत्र, शैक्षिक संस्था तथा अन्य सरोकारवालासँग समन्वय र सहकार्य गरी जलवायु परिवर्तन न्यूनीकरण, अनुकूलन तथा जलवायु उत्थानशील विकाससम्बन्धी कार्यक्रम सञ्चालन गर्ने।
- स्थानीय तहमा सञ्चालन भएका जलवायु परिवर्तनसम्बन्धी कार्यक्रम तथा परियोजनाको नियमित अनुगमन, मूल्याङ्कन, अभिलेखीकरण तथा सिकाइ प्रणाली विकास गर्ने।
- स्थानीय तह र स्थानीय संस्थाहरूबाट सञ्चालित जलवायु कार्यक्रम तथा लगानीको योजना, बजेट विनियोजन, अनुगमन, मूल्याङ्कन तथा प्रगति अभिलेखीकरणका लागि स्थानीय अनुगमन तथा मूल्याङ्कन प्रणाली विकास र सञ्चालन गर्ने।

मस्यौदा

- जलवायु कार्यक्रम तथा लगानीको सुनिश्चिताको लागी स्थानीय स्तरमा जलवायु बजेट संकेत (code) लागु गर्ने।
- युवा, संचार माध्यम तथा नागरिक समाज संस्थाहरूको परिचालनमार्फत जलवायु परिवर्तनसम्बन्धी जनचेतना अभिवृद्धि तथा अभियान सञ्चालन गर्ने।
- स्थानीय समुदाय तथा सामुदायिक संस्थाहरूलाई स्थानीय नेतृत्वमा आधारित अनुकूलन (Locally Led Adaptation) तथा जलवायु उत्थानशील जीविकोपार्जन कार्यक्रम कार्यान्वयन गर्न आवश्यक प्रविधि, असल अभ्यास तथा वित्तीय स्रोतमा पहुँच उपलब्ध गराउन सहयोग गर्ने।
- जलवायुजन्य विपद् व्यवस्थापनका लागि युवा स्वयंसेवक समिति (Youth Volunteer Committee) गठन गरी परिचालन गर्ने।

## ३.१.४ नागरिक समाज, निजी क्षेत्र तथा सरोकारवालाहरूको भूमिका

*(यसअन्तर्गत नागरिक समाज संस्थाहरू, निजी क्षेत्र, सञ्चारमाध्यम, सीमान्तकृत तथा जोखिममा रहेका समुदायका लागि कार्यरत संस्था तथा सञ्जालहरू, युवा, महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, आदिवासी जनजाति, दलित, तथा अन्य अल्पसंख्यक समुदायहरू)*

- अनुसन्धान, अध्ययन, मूल्याङ्कन, नक्साङ्कन तथा विश्लेषणमार्फत प्रमाणमा आधारित नीति निर्माणका लागि आवश्यक तथ्य र प्रमाण उत्पादन गर्न संघ, प्रदेश तथा स्थानीय सरकारलाई सहयोग गर्ने।
- संघ, प्रदेश तथा स्थानीय सरकारले तर्जुमा गरेका नीति, योजना तथा कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनमा सहयोग पुऱ्याउने।
- जलवायु परिवर्तनसम्बन्धी नीति तथा योजनाको अनुगमन, मूल्यांकन, कार्यान्वयनमा पारदर्शिता, उत्तरदायित्व तथा प्रतिवेदन प्रणाली सुदृढ गर्न संघ, प्रदेश तथा स्थानीय सरकारलाई सहयोग गर्ने।
- जनचेतना अभिवृद्धि, सामुदायिक सशक्तिकरण, संस्थागत सुदृढीकरण तथा क्षमता विकासका कार्यक्रम सञ्चालनमा सरकारलाई सहयोग गर्ने।
- जलवायु न्याय, जलवायु पैरवी तथा अन्तर्राष्ट्रिय जलवायु कूटनीतिमा सरकारलाई सहयोग तथा सहकार्य गर्ने।
- सरकार, नागरिक समाज, संचार क्षेत्र, तथा निजी क्षेत्रबीच जलवायुसम्बन्धी सूचना, ज्ञान, अनुभव तथा असल अभ्यासहरूको आदान-प्रदान गरी प्रभावकारी समन्वय र सहकार्यलाई प्रवर्द्धन गर्ने।
- जलवायु वित्तको परिचालन तथा अन्य स्रोतहरूको उपयोगसहित जलवायु नीति तथा कार्यक्रमहरूको कार्यान्वयनमा सरकारलाई सहयोग पुऱ्याउने।
- युवा, महिला, संचार क्षेत्र तथा नागरिक समाज संस्थाहरूको सक्रिय परिचालनमार्फत जलवायु परिवर्तनसम्बन्धी जनचेतना अभिवृद्धि तथा जलवायु अभियान सञ्चालन गर्ने।

मस्यौदा

## ३.२. कानुनी व्यवस्था

(क) यो नीति कार्यान्वयन गर्न संघ, प्रदेश र स्थानीय तहबाट आवश्यक कानून, रणनीति, कार्यनीति, निर्देशिका, कार्यविधि, दिशानिर्देशन र योजना तर्जुमा गरी लागू गरिनेछ।

(ख) यस नीतिले निर्देशित गरेअनुसार विद्यमान स्थानीय अनुकूलन कार्ययोजना खाका, राष्ट्रिय अनुकूलन कार्यक्रम, राष्ट्रीय अनुकूलन योजना, राष्ट्रीय निर्धारिती योगदान ३.0,  स्वास्थ सम्बन्धी राष्ट्रीय अनुकूलन योजना, कार्बन ब्यापार नियमावली, हरित विद्यालय व्यवस्थापन मापदण्ड, राष्ट्रिय रेड रणनीति, जलवायु परिवर्तन वित्तीय परिचालन नियमावली,  तथा बजेट संकेत (Budget Code), हरित विकास रणनीति (Green Growth Strategy), लैङ्गिक जलवायु परिवर्तन कार्ययोजना (Gender Mainstreaming in Climate Change Action Plan) र जलवायु परिवर्तन सम्बन्धी दीर्घकालीन रणनीति (Long Term Strategy), लगायत अन्य विषयगत जलवायु परिवर्तन सम्बन्धी दस्तावेजमा आवश्यकता अनुसार समायोजन गरी लागू गरिनेछ।

(ग) पेरिस सम्झौता मार्गचित्र, राष्ट्रिय निर्धारित योगदान, राष्ट्रिय अनुकूलन कार्य योजना र पारदर्शिता खाका लगायतका दस्तावेजहरू तयार गरिनेछ।

## ३.३. वित्तीय व्यवस्था

यस नीतीको कार्यान्वयनका लागि दफा २.५.९ (जलवायु वित्तको परिचालन तथा स्थानीयकरण) मा उल्लेख गरिएका विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सार्वजनिक तथा निजी वित्तीय स्रोतहरूको परिचालन गरिनेछ।

## ३.४. नीति समन्वय र सामञ्जस्यता

राष्ट्रीय जलवायु नीति २०८३ पूर्ण रूपमा कार्यान्वयन गर्न सबै संघीय, प्रादेशिक तथा स्थानीय सरकारका नीति, आवधिक योजना तथा विषयगत क्षेत्रका नीति संग समन्वय र सामञ्जस्यतामा लागु गरीने छ ।

मस्यौदा

## ३.५. जोखिम तथा जोखिम न्यूनीकरण

### ३.५.१ सम्भावित जोखिमहरू

- संघ, प्रदेश तथा स्थानीय सरकारबीच तथा अन्य सरोकारवालासँग आवश्यक समन्वयको अभावका कारण सरकार र समाजका सबै तहमा जलवायु परिवर्तनको मूलप्रवाहीकरण तथा प्रभावकारी कार्यान्वयनमा चुनौती उत्पन्न हुन सक्ने।
- नीतिका प्रावधानहरूको कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोतमा पहुँच तथा परिचालन चुनौतीपूर्ण हुन सक्ने, विशेषगरी आन्तरिक स्रोत सीमित हुनु, अन्तर्राष्ट्रिय जलवायु वित्तीय प्रणाली तीव्र रूपमा परिवर्तन भइरहनु, उपलब्ध स्रोत सीमित हुनु तथा ती स्रोतमा पहुँचको प्रक्रिया जटिल हुनु।
- जलवायु परिवर्तनका प्रभाव, विशेषगरी आर्थिक तथा गैर-आर्थिक हानि तथा नोक्सानी बढ्दै जाँदा जलवायु कार्य तथा विकास कार्यक्रमहरूको लागत उल्लेखनीय रूपमा वृद्धि हुन सक्ने।

### ३.५.२ जोखिम न्यूनीकरणका उपायहरू

- संघ, प्रदेश तथा स्थानीय सरकारबीच भूमिका, जिम्मेवारी तथा अधिकार स्पष्ट रूपमा निर्धारण गरी प्रभावकारी संस्थागत समन्वय संयन्त्र स्थापना तथा सुदृढीकरणमार्फत समन्वयसम्बन्धी चुनौती न्यूनीकरण गरिनेछ।
- सरकारी तयारी, संस्थागत क्षमता अभिवृद्धि, प्रभावकारी समन्वय संयन्त्र तथा निजी क्षेत्र र वित्तीय संस्थाको सक्रिय परिचालनमार्फत जलवायु वित्तको पहुँच तथा परिचालन विस्तार गरी स्रोतको अभाव न्यूनीकरण गरिनेछ।
- अन्तर्राष्ट्रिय जलवायु वित्तमा प्रत्यक्ष पहुँच अभिवृद्धि गर्न नेपालले राष्ट्रिय प्रणाली सुदृढ गर्ने, संस्थागत क्षमता विकास गर्ने, जलवायु परियोजनाको औचित्य (Climate Rationale) थप सुदृढ गर्ने तथा अन्तर्राष्ट्रिय लगानीका लागि परियोजनाको तयारी र वित्तीय योग्यतालाई (Project Bankability and Readiness) अभिवृद्धि गर्ने।
- जलवायु वित्तको पारदर्शी, उत्तरदायी तथा प्रभावकारी उपयोग सुनिश्चित गर्न सुदृढ जलवायु वित्त अनुगमन तथा उत्तरदायित्व प्रणाली विकास गरिनेछ।
- जलवायु उत्थानशील विकास योजना सुदृढ गर्दै, पूर्वानुमानमा आधारित जोखिम न्यूनीकरण (Anticipatory Risk Mitigation) का उपायहरू अवलम्बन गरी जलवायु परिवर्तनका कारण विकास लागतमा हुने वृद्धि न्यून गर्ने व्यवस्था गरिनेछ।

मस्यौदा

## ३.६. अनुगमन, मूल्याङ्कन तथा पुरावलोकन

- यस नीती अन्तर्गतका व्यवस्था तथा कार्यक्रमहरूको कार्यान्वयनको विभिन्न तहबाट नियमित अनुगमन तथा मूल्याङ्कन गरिनेछ।
- यस नीतिको समग्र अनुगमन तथा उच्चस्तरीय समीक्षा वातावरण संरक्षण तथा जलवायु परिवर्तन व्यवस्थापन राष्ट्रिय परिषद् ले सम्बन्धित मन्त्रालयबाट प्राप्त वार्षिक प्रगति प्रतिवेदनका आधारमा प्रत्येक वर्ष गर्नेछ।
- नीतिको नियमित अनुगमन सम्बन्धित मन्त्रालयले राष्ट्रिय योजना आयोग, सम्बन्धित विषयगत मन्त्रालयहरू, प्रदेश तथा स्थानीय सरकार तथा अन्य सरोकारवालासँग समन्वय गरी गर्नेछ। साथै, नीतिको समग्र मूल्याङ्कन राष्ट्रिय योजना आयोगबाट पनि गरिनेछ।
- नीतिको प्रभावकारी अनुगमन तथा मूल्याङ्कनका लागि आवश्यक कार्ययोजना, सूचक (Indicators) तथा समयतालिका (Timeline) तयार गरिनेछ।
- प्रदेश तथा स्थानीय सरकारले आफ्नो कार्यक्षेत्रभित्र यस नीतिको कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन गर्न सक्नेछन्। यस प्रक्रियामा युवा, नागरिक समाज संस्था तथा निजी क्षेत्रलगायत अन्य सरोकारवालाहरूको समेत सहभागिता सुनिश्चित गरिनेछ।
- सरकारी निकाय, गैर सरकारी निकाय, र निजी क्षेत्रबाट संचालित जलवायु परिवर्तन व्यवस्थापन कार्यक्रमहरूको विविरण वार्षिक रूपमा संकलन गरी एकीकृत प्रतिवेदन प्रकाशन गर्ने ब्यवस्था गर्ने।
-

## ३.७ नीति कार्यान्वयन कार्ययोजना

नीति कार्यान्वयनको कार्ययोजना तयार गरी लागू गरीनेछ।

## ३.८ खारेजी र बचाउ

राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६ खारेज गरीएको छ । राष्ट्रिय जलवायु नीति, २०७६ बमोजिम भए गरेका कामहरू यसै नीतिबमोजिम भएको मानिनेछ।

# अनुसूची १ नीति कार्यान्वयन कार्ययोजना

| क.स. | कार्यनीति बमोजिमका क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| | | | | | |

मस्यौदा